वर्ष : १६, अंक : ४०, काठमाडौं, २०७७ माघ ९ गते शुक्रबार, 22 January 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse@gmail.com

## मधेश विद्रोहको १४ वर्ष पूरा

काठमाडौं । पहिलो मधेश आन्दोलन भएको माघ ५ गते १४ वर्ष पूरा भएको छ । यस अवधिका मधेश आन्दोलनको विषयमा धेरै बहस र समीक्षा भए तर उपलब्धि जनताले महसुस गर्न पाएनन् । मधेश आन्दोलनकै नाममा केही मधेशी नेताहरू मन्त्री बन्न सफल भए पनि आम मधेशी जनताको जीवनमा त्यसको कुनै असर परेको छैन ।

यद्यपी माघ ५ लाई मधेशले 'बलिदानी दिवस'को रूपमा सम्झने गरेको छ । सुरूका दिनमा बलिदानी दिवसको अवसरमा खुब तामझामका साथ दिवसको स्मरण गरिन्थ्यो भने शनैः शनै त्यो विस्मृत हुँदै गएको छ ।

किनभने आन्दोलन जति पुरानो हुँदै जान्छ त्यो आन्दोलनको विरासत पनि कमजोर हुन्छ । केही वर्षअघिसम्म बलिदानी दिवस मनाउन मधेशी दलहरूबीच अघोषित प्रतिस्पर्धा नै हुन्थ्यो ।

२०६३ सालमा अन्तरिम संविधान जारी भएलगत्तै काठमाडौंको माइतीघरमा तात्कालीन मधेशी जनअधिकार फोरमले अन्तरिम संविधानको प्रतिलिपि जलाएको थियो ।

संविधानको प्रतिलिपि जलाएको आरोपमा फोरमका अध्यक्ष उपेन्द्र यादव सहितका दर्जन बढी नेता गिरफ्तार भए ।

नेताको गिराफ्तारीको विरोधमा मधेशका जिल्लाहरूमा आन्दोलन सुरू भयो । राजमार्गमा टायर बालेर सुरू भएको जक्काजाम आन्दोलन माघ ५ गते लहानबाट जनविद्रोहको रूपमा मधेशभर फैलियो ।

२०६३ माघ ५ गते सिरहाको लहानमा तत्कालीन नेकपा माओवादी कार्यकर्ताले चलाएको गोलीबाट रमेश महतोको निधनको भएको थियो ।

त्यससँगै मधेश आन्दोलन उठेको हो । त्यही आन्दोलनबाट धेरै मधेशी नेताको उदय भएको र उनीहरू स्थापित पनि भए । धेरै मन्त्री पनि भए । तर मधेशी जनताले के पाए भन्ने प्रश्नको जवाब अहिले पनि मधेशले खोजिरहेको छ ।

# ओलीको मधेश कार्ड

## पहिला कुरै सुन्न नचाहने, निर्वाचनको मुखमा संशोधनको कुरा गर्ने

**मधेशवाणी डेस्क**

काठमाडौं । प्रतिनिधिसभा विघटन र सत्तासीन नेकपाको विभाजन पछि अधिकांशको ध्यान मधेशका आकृष्ट छ । देशको अहिलेको तरल राजनीतिमा मधेशमा के भइरहेको छ र मधेशले के गरिरहेको छ भन्ने तर्फ सबैको ध्यान तानिएको छ ।

नेपालको राजनीतिमा मधेश एउटा महत्वपूर्ण फ्याक्टर भएर पनि दलहरुको ध्यान मधेशप्रति तानिनु स्वभाविक पनि हो । प्रतिनिधिसभा विघटन पछि मधेश प्रति अनुदार रहेका प्रधानमन्त्री केपी शर्मा ओलीको चासो झन बढेको छ । ओलीमा अहिले मधेशप्रति युटर्न देखिएका छन् । मधेशमा रहेका मतदातालाई रिझाउन अहिले उनी विभिन्न प्रलोभन देखाउन थालेका छन् । विभिन्न नेताहरुलाई फकाउन प्रयत्नरत ओलीले पछिल्लोपटक संविधान संशोधनको मागप्रति आफू लचिलो भएको र त्यसका लागि तयार रहेकोसमेत जनाएका छन् ।

गत पुस ५ गते हठात रुपमा प्रतिनिधि सभा विघटन गर्दा ओलीले विघटन गर्नुको औचित्य पुष्टि गर्नका लागि विभिन्न विषय उल्लेख गरी राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष सिफारिश गरेका थिए । देशको समृद्धि र आगामी यात्रामा विभिन्न कार्य गर्नुपर्ने त्यसका लागि दुई तिहाई बहुमत आवश्यक भएको तर्क प्रस्तुत गर्दै विघटन गर्नुपरेको जनाउसहित सिफारिश ओलीले गरेका थिए ।

प्रधानमन्त्री ओलीले सिफारिशमा यस्तो भनेका छन्-'नेपालको संविधान तत्कालीन अवस्थाको सहमतिको दस्तावेज हो। राज्य सञ्चालनका कतिपय विषयहरूलाई संविधान कार्यान्वयनका अनुभवका आधारमा परिमार्जन गर्नका लागि र मुलुकको समग्र विकासलाई तीव्र गतिमा अघि बढाउन यस संविधानमा रहेका कतिपय प्रावधानहरू संशोधनयोग्य छन् । संशोधनका लागि विभिन्न राजनीतिक दलहरू समेतबाट पटकपटक प्रस्तावहरू राखिएकै छन् । यस्तो अवस्थामा वर्तमान संविधानलाई अझ बढी समयानुकूल बनाउन संविधान संशोधन आवश्यक हुने र सोको लागि सत्तारूढ दलसँग दुई तिहाइ बहुमत नभएको हुँदा संघीय संसदमा एउटै दलको दुई तिहाइ बहुमत र त्यस्तो बहुमतको सरकार आवश्यक भएको ।'



मधेशवादी दलहरुले संविधान संशोधनको माग गर्दा जहिले नै ओली त्यसविरुद्ध खनिदै आएका थिए । के का लागि संविधान संशोधन? कसका लागि संशोधन? सबै छ यो संविधानमा, संशोधन हुँदैन भन्ने गर्थे ओली । आवश्यकता र औचित्यताका आधारमा मात्रै संविधान संशोधन हुनसक्ने तर त्यसको आवश्यकता र औचित्यता अहिले नरहेको उनले प्रायःसबै सार्वजनिक अभिव्यक्तिमा भन्थे । मधेश आन्दोलनमा रुखबाट एउटा दुईटा फल झरे पनि केही हुन्न, माखे साङलो जस्ता कटु अभिव्यक्ति पनि उनले दिएकै हुन् । मन्त्रिपरिषदमा सहभागी तत्कालीन उपप्रधानमन्त्री उपेन्द्र यादवले संविधान संशोधनको कुरा उठाउँदा बेइज्जतपूर्ण व्यवहार खेप्नु परेको थियो । स्वास्थ्य तथा जनसंख्या मन्त्रीको हैसियतले भारत भ्रमणका क्रममा दिल्ली गएका बेला कानुन तथा न्याय मन्त्रालयमा सारिएपछि असन्तुष्ट यादवले अन्ततः राजीनामा दिएर बाहिरिनु परेको थियो । त्यसपछि पनि ओलीले पटक पटक संविधान संशोधनका मागप्रति कडा प्रतिवाद गर्दै आएका थिए ।

नेकपाले लिपुलेक, कालापानी र लिम्पियाधुरासहितको नेपालको नक्सा संविधानको निशाना छापमा समावेश गर्न संविधान संशोधन विधेयक प्रतिनिधि सभामा दर्ता गरायो । त्यसैबीच जनता समाजवादी पार्टीकी सरिता गिरीले त्यसमा संशोधन विधेयक दर्ता गराइन् भने जसपाकै लक्ष्मणलाल कर्णले समावेशी लगायतका विषय समावेश गरी छुट्टै संशोधन विधेयक दर्ता गराए । तर गिरी र कर्ण दुवैका विधेयक संसदले अस्वीकृत गऱ्यो । जसपाका सांसदहरु नक्शा संशोधनकै पक्षमा उभिएर देशप्रति समर्थन जनाए । गिरीले भने सांसद पद गुमाउनु पऱ्यो । तर पनि ओली र उनले नेतृत्व गरेको नेकपा समावेशी लगायतका कतिपय धारा संशोधन गर्न तयार भएनन् ।

प्रधानमन्त्री ओलीले प्रतिनिधि सभा विघटन गरी नयाँ जनादेशका लागि आउँदो २०७८ वैशाख १७ र २७ गते संसदीय निर्वाचनको मिति तोक्न सिफारिश गरे । त्यसलाई राष्ट्रपति भण्डारी सदर गरिन् । निर्वाचनमा जाने निर्णयसँगै ओलीले मतदाता रिझाउन विभिन्न प्रलोभनयुक्त सिफारिश गरे । त्यस क्रममा उनले मधेशी मतदातालाई रिझाउन र आकर्षित गर्न संविधान संशोधनको प्रस्ताव अघि सारे । उपेन्द्र यादवले समर्थन गरेपछि दुई तिहाईका संख्या पार गरेका ओलीले त्यतिबेला संविधान संशोधन गर्न चाहेनन्, यादवलाई मन्त्रिपरिषद बैठकमा संशोधन विधेयक लैजादा हप्काए र बाहिरिन बाध्य बनाए । तर अहिले उनले नै संशोधनको कुरा गर्दै त्यसका लागि दुई तिहाई चाहियो भनिरहेका छन् । जसपाका नेता तथा मधेशी बुद्धिजीवीहरुले यो ओलीको मतदाता रिझाउने शब्दजाल मात्रै हो भन्छन् । कुर्सीमा रहुन्जेल संशोधन सुन्नै नचाहने ओली अहिले निर्वाचनको मुखमा संशोधनको कुरा गर्नु मतदातालाई धोका दिने पासा फ्याकेको उनीहरुको विश्लेषण छ ।

## हाम्रो संघर्ष सत्य र स्वतन्त्रताका लागि हो : जसपा अध्यक्ष ठाकुर



काठमाडौं । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले आफूहरुको संघर्ष सत्य र स्वतन्त्रताका लागि निरन्तर जारी रहने बताएका छन् । 'जहिले पनि विजय सत्य हुन्छ, हिंसाको होइन', उनले भने । बलिदानी दिवसको अवसरमा मधेश आन्दोलनका शहीदहरुको सम्झनामा जसपाको केन्द्रीय कार्यालयमा आयोजित श्रद्धाञ्जलीसभामा अध्यक्ष ठाकुरले यस्तो कुरा बताएका हुन् । शासकवर्गले स्वेच्छाचारी ढंगले जतिसुक हिंसा गरेपनि आफूहरुको लक्ष्यले विजय प्राप्त गर्ने अध्यक्ष ठाकुरले बताए । 'राज्यको आधार शक्ति व्यवस्थित रुपले चलाउनका लागि निर्माण गरिएको हुन्छ, जब शासकहरु स्वेच्छाचारी हुन्छ तब यो शक्तिको दुरुपयोग हुन सुरु हुन्छ' अध्यक्ष ठाकुरले भने, 'आज मधेशमा जुन शहीद भएका छन्, त्यो राज्यको शक्ति दुरुपयोगकै कारण ।' जहाँ गोली चलाउनेपर्ने स्थिति थिएन, त्यहाँ गोली चलाइएको जिकिर गर्दै उनले शान्तिपूर्ण ढंगबाट विभेदका विरुद्ध, आफ्नो अधिकारका लागि संघर्ष भइरहँदा पनि बलिदानी दिनुपरेको बताए । संघर्ष अहिले पनि जारी नै रहेको अध्यक्ष ठाकुरले बताए । बलिदानी दिवस कार्यक्रमको सञ्चालन जसपाका केन्द्रीय कार्यकारिणी समिति सदस्य डा.सुरेन्द्र झाले गरेका थिए भने जसपाका नेता कार्यकर्ताहरुको उपस्थिति रहेको थियो ।

## प्रधानमन्त्री ओलीद्वारा भारतीय प्रधानमन्त्री मोदीलाई धन्यवाद




काठमाडौं । प्रधानमन्त्री केपी ओलीले संकटको अवस्थामा भारत सरकारले कोरोनाविरुद्धको खोप उपलब्ध गराएकोमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई आभार व्यक्त गरेका छन् । ओलीले बिहीबार आफ्नो अफिसियल ट्वीटर ह्यान्डलबाट भारतीय प्रधानमन्त्री मोदीलाई मेन्सन गर्दै लेखेका छन्, 'कोरोनाविरुद्धको खोप सहयोगका रुपमा उपलब्ध गराएकोमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी जी र भारत सरकार र भारतीय जनतालाई म धन्यवाद दिन चाहान्छु ।' ओलीले संकटका बेलामा छिमेकीबाट भएको यो सहयोग प्रशंसनीय रहेको बताएका छन् । भारतले १० लाख डोज खोप नेपाल सरकारलाई उपलब्ध गराएको हो । बिहीबार बिहान एयर इन्डियामार्फत कोरोनाविरुद्धको खोप काठमाडौं ल्याइएको हो । बिहीबार दिउँसो नै भारतीय राजदूत विनय मोहन क्वात्राले स्वास्थ्यमन्त्री हृदयेश त्रिपाठीलाई खोप हस्तान्तरण गरेका हुन् ।

## दुगड प्रधानमन्त्रीका विशेष आर्थिक सल्लाहकार



काठमाडौं । उद्योगी मोतीलाल दुगड प्रधानमन्त्रीको विशेष आर्थिक सल्लाहकार नियुक्त भएका छन् । दुगड यसअघि प्रधानमन्त्री ओलीको सरकारमा उद्योग, वाणिज्य तथा आपूर्ति राज्यमन्त्री रहिसकेका छन् । पूर्वअर्थमन्त्री डा. युवराज खतिवडाको स्थानमा प्रधानमन्त्रीले दुगडलाई ओलीले ल्याएका हुन् । अब मन्त्री सरहको सेवा सुविधा पाउने गरी दुगड प्रधानमन्त्रीको विशेष आर्थिक सल्लाहकार नियुक्त भएका हुन् ।

## उखु किसानद्वारा फेरि आन्दोलनका कार्यक्रम सार्वजनिक

काठमाडौं । सरकारले तय समय भित्र बाँकी बक्यौता रकम भुक्तानी गराइदिने सम्झौता गरेपनि भुक्तानी हुन नसकेको भन्दै उखु किसान संघर्ष समितिले पुनः आन्दोलनको घोषणा गरेको छ । यसअघि सरकारले २१ दिनभित्र उखु किसानको सम्पूर्ण बाँकी बक्यौता दिलाइ दिने उखु किसानहरुसँग सम्झौता गरेका थिए । उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयले मौखिक रुपमा रु ६५ करोड कबुल गरेको रकममध्ये ५७ करोड भुक्तानी गराइसकेको र बाँकी ८ करोड पनि मन्त्रालयको नियन्त्रणमा आइसककेको जनाएको भएपनि यसमा शंका रहेको संघर्ष समितिले बिहीबार विज्ञप्ति जारी गर्दै भनेको छ । किसानले भुक्तानी पाउनुपर्ने यकीन रकमका विवरण उद्योग र उद्योगीसँगै रहेकोले सो अनुसारको किसानको सम्पूर्ण रकम किसानको खाता मार्फत भुक्तानी गरिसकेको विश्वसनीय एवं स-प्रमाण विवरण तत्काल सार्वजनिक नगरेसम्म आन्दोलन जारी रहने विज्ञप्तिमा भनिएको छ । आन्दोलन अनुसार माघ १० गतेदेखि फागुन ७ गतेसम्म किसान जागरण अभियान, फागुन ८ देखि १४ गतेसम्म कालोपट्टी बाँधेर खेतमा काम गर्ने, फागुन १५ देखि २१ गतेसम्म एक छाक उपवास बसेर खेतमा काम गर्ने तय गरिएको छ । त्यसपछि तेस्रो चरणको आन्दोलन घोषणा गर्ने संघर्ष समिति सर्लाहीका अध्यक्ष रामस्वार्थ राय, सचिव हरिश्याम राय र किसान रामविकास पण्डितले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

## भारतद्वारा १० लाख डोज खोप नेपाललाई हस्तान्तरण

काठमाडौं । भारतले अनुदानमा दिएको कोरोना विरुद्धको खोप नेपाल सरकारलाई हस्तान्तरण गरिएको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आयोजित एक कार्यक्रममा नेपालका लागि भारतीय राजदूत विनयमोहन क्वात्राले स्वास्थ्यमन्त्री हृदयेश त्रिपाठीमार्फत नेपाललाई खोप हस्तान्तरण गरे ।

हस्तान्तरण कार्यक्रममा राजदूत क्वात्राले नेपालीलाई उपहार स्वरुप उक्त खोप प्रदान गर्न पाएकोमा खुशी व्यक्त गरे ।

हस्तान्तरण कार्यक्रममा स्वास्थ्यमन्त्री त्रिपाठीले भारतले खोप सहयोग गरेकोमा प्रशंशा गर्दै नेपाली जनताको तर्फबाट भारतीय जनतालाई आभार व्यक्त गरे । मन्त्री त्रिपाठीले खोप पहिलो चरणमा डाक्टर,नर्स तथा स्वास्थ्यकर्मी, सफाइकर्मीलाई दिइने दिइने र अब हप्तारदश दिनमा खोप अभियान सुरु गरिने जानकारी दिए ।



भारतले सिरम इन्स्टिच्युट अफ इन्डिया( एसआईआई) ले अक्सफोर्ड विश्वविद्यालय र बेलायती औषधि निर्माता कम्पनी एस्ट्राजेनेकासँग मिलेर विकास गरेको कोभिसिल्ड नेपाललाई अनुदानमा उपलब्ध गराएको हो ।हस्तान्तरित खोप टेकुस्थित केन्द्रिय खोप भण्डारणमा लगिनेछ । टेकुमा भण्डारण गरिएको खोप स्वास्थ्य सेवा विभागबाट प्रत्येक प्रदेशको भण्डारण केन्द्रमा पठाइनेछ । १० लाख मात्रा एयर इन्डिया मार्फत मुम्बई नयाँ दिल्ली हुँदै काठमाडौं ल्याइएको हो ।

## जसपाविरुद्ध डा.सीके राउतको आरोपै आरोप

प्रदेश नं. २ लाई ३नर्क बनाउनेहरूले, प्रदेश नं. २ मा निमुखा गरीब आदिवासी दलितको अधिकार खोस्ने तथा श्रृंखलाबद्ध हत्या र बलात्कार गर्नेहरूले अरूलाई अधिकार दिलाउने छन् ?

१. पूर्वमा आन्दोलन चर्किन नसक्दा कैलालीमा गएर थारू समुदायको सभालाई उत्तेजित बनाउने, दंगा फैलाउने, दंगामा निर्दोष थारू समुदायका मान्छेलाई प्रयोग गर्ने, अनि घटना घटेपछि जिम्मेबारी सबै थारू समुदायकै टाउकोमा थोपर्ने र आफू भाग्ने पार्टी तथा नेताहरू को-को हुन् ? याद छ, कुन पार्टी अध्यक्षले प्रहरीलाई आऔं भिडौं भनेर उक्साएका थिए ?

२. थारू समुदायको भोट लिने, तिनीहरूकै भोट लिएर जसोतसो थ्रेसहोल्ड कटाउने तर मा. रेशमलाल चौधरीलाई जेलमै ठिक्क पार्ने, समानुपातिक सीट जति २-२ करोड़मा अरूलाई बेच्ने र प्रदेश नं. ५ को प्रदेश प्रमुख समेत एउटा उत्पीडित थारू समुदायको व्यक्तिलाई नबनाई आफ्नै सामन्ती समधीलाई बनाउने पार्टी कुन हो ?

३. अरूको कुरा त छँदैछ, त्यही पार्टीका नेतालाई चितवन माडी बस काण्डमा केही सजाय न हुने, त्यही पार्टीका नेतालाई गौर नरसंहार जस्तो जघन्य क्रूरतम् अपराध गर्दा केही सजाय न हुने, तर मा. रेशमलाल चौधरी र लक्ष्मण थारूलाई जन्मकैद सजाय हुने ?

४. प्रदेश नं. २ मा तिनै सामन्ती दलाल पार्टीको सरकार छ । प्रदेश नं. २ मा कुन आदिवासी, दलित वा विपन्न समुदायलाई अधिकार दिएको छ कि तिनीहरूले अरु प्रदेशमा आदिवासीलाई अधिकार दिलाउनेछ ? आएर हेर्नुस् प्रदेश नं. २ लाई कसरी नर्कमा परिणत गरेको छ सामन्ती दलाल पार्टीले । यहाँ त थारू वा अन्त आदिवासीहरूको सीट समेत हरेक कुरामा जम्मै खाइदिएका छन् । प्रदेश नं. २ मा आदिवासी, दलित, उत्पीडित र निमुखा वर्गमाथि कति दमन भइराखेको छ, हेर्नोस् ३ वर्षको अवधिमा ६२ हत्या र १६८ बलात्कारका घटना (ऊजुरी अनुसार) । तर वास्तविक हत्या र बलात्कार त त्योभन्दा कैयौं गुणा बढी छन् । किनकि कुनै विपन्न, दलित, असाक्षर वा निमुखा वर्गले ऊजुरी गर्नै सक्दैनन्, गर्ने हिम्मत गरे त्यही सत्ताधारी नेता तथा कार्यकर्ताहरूले उल्टै पीडितहरूमाथि नै दमन गर्छन् ।

५. मा. रेशमलाल चौधरीलाई जेलभित्र राख्नुमा उहाँकै पार्टीको ठूलो हात छ । यो 'डबल गेम' हो । सरकारलाई पनि लाग्छः उसकै पार्टीले यस्तो सोच्छ भने किन छोड्नु ?

६. मा. रेशमलाल चौधरीका लागि सांकेतिक बाहेक कुन 'स्केल'को आन्दोलन उहाँकै पार्टीले गरेको छ ? के गौर नरसंहार वा माडी हत्याकांडको मुद्दामा उहाँकै पार्टीका अर्का नेताहरूलाई आजीवन जेल सजाय भएको भए के यस्तै पाराको आन्दोलन हुनेथ्यो ?

७. आदिवासी थारू (वा कुनै मुसहर, चमार) समुदायका मान्छेलाई मधेशका यी सामन्तहरूले मान्छेमा गन्ती गर्छन् कि के गाली दिन्छन्, सुन्नु भएको छ कि छैन ? यी शोषक सामन्तहरूले आदिवासी वा उत्पीडित समुदायहरूलाई न्याय दिलाउँछन् ? पहिला पनि भनेको थिएँ, अहिले पनि भन्छुः सामन्ती दलाल पार्टीले आदिवासी र उत्पीडित वर्गलाई न्याय दिलाउनु भनेको बकुल्लोले माछा उद्धार गर्नु सरह हो । कुनै पनि गाउँमा गएर हेर्नुस्, सर्वेक्षण गरेर हेर्नुस्, आँकडा केलाएर हेर्नुस् गाउँमा आदिवासी, उत्पीडित, दलित, गरीब र निमुखा वर्गलाई चरम शोषण र दमन गर्ने नै यिनै सामन्ती नेता, यिनका भाइभतिज र कार्यकर्ताहरू हुन् ।



ईश्वरले सबैको कल्याण गरून् ।

## सम्पादकीय

# भारतको खोप अभियान र छिमेकी देशहरू

विश्वव्यापी महामारीका रुपमा फैलिएको कोरोना भाइरसको संक्रमण निको पार्ने लागि अहिलेसम्म कुनै 'विशिष्ट' औषधि फेला परेको छैन। त्यसैगरी कोरोनाविरुद्धको एकमात्र आशाको रुपमा विश्वभर विकास भइरहेका खोपहरुलाई लिइएको छ। सन् २०१९ को डिसेम्बर अन्तिमबाट सुरु भएको कोरोनाले एक वर्षमा नियन्त्रणमा आउन सकेको छैन। संक्रमण थप फैलिँदै गएको छ भने स्वास्थ्य प्रणालीलाई कमजोर बनाइरहेको छ। यहि सन्दर्भमा भारतले छिमकी मित्र राष्ट्रहरु नेपालसहित अफगानिस्तान, भुटान, बंगलादेश, श्रीलंका, माल्दिभ्स र मौरिसस लाई १० मिलियन डोज खोप कोरोना खोप उपलब्ध गराएको छ। भारतले नेपाललाई १० लाख डोज कोरोना खोप पनि निःशुल्क उपलब्ध गराएको छ।

भारतीय केन्द्रीय स्वास्थ्य समितिले नेपाल र भुटानलाई कोरोना विरुद्धको खोप उपलब्ध गराउने निर्णय गरेको हो। भुटानका प्रधानमन्त्री लोते छिरिङले ट्वीट गर्दै भारतले भुटानलाई कोरोनाको खोप उपलब्ध गराउने लागेको उल्लेख गरेका छन्।

बंगलादेशले भने २ करोड डोज खोप पाउने छ। भारतको सेरम इन्स्टिच्युट अफ इन्डियाले निर्माण गरेको कोभीशिल्ड र भारत बायोटेक इन्टरनेशनलले निर्माण गरेको कोभ्याक्सिन खोप भारतले यी राष्ट्रलाई दिन लागेको हो। सेरमले १ करोड १० लाख डोज कोभीशिल्ड खोप भारत सरकारलाई बिशेष मूल्य अर्थात प्रति डोज ३२० रुपैयाँमा उपलब्ध गराएको छ, जुन

**भारतको खोप अभियान कोरोनाविरुद्धको लडाइँको निर्णायक चरण मानिएको छ। खोप अभियानसँगै भारत कोरोनाविरुद्धको लडाइँमा निर्णायक चरणमा प्रवेश गरेको छ भने उसले यस अभियानमा छिमेकी देशहरुलाई पनि समेटेको छ।**

डलरमा औसतमा प्रति डोज ३ डलर हो। त्यस्तै भारत बायोटेकले १ करोड ६५ लाख डोज अनुदान र ३ करोड ८५ लाख डोज बिशेष मूल्य अर्थात प्रति डोज ४८० रुपैयाँमा उपलब्ध गराएको छ।

भारतमा कोरोना भाइरसविरुद्ध खोप अभियानको माघ ३ देखि सुरु भएको छ। विश्वव्यापी महामारीको रूप लिएको कोरोनाविरुद्धको खोप अभियानको भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले उद्घाटन गरेका हुन्। भारतको खोप अभियान कोरोनाविरुद्धको लडाइँको निर्णायक चरण मानिएको छ। खोप अभियानसँगै भारत कोरोनाविरुद्धको लडाइँमा निर्णायक चरणमा प्रवेश गरेको छ भने उसले यस अभियानमा छिमेकी देशहरुलाई पनि समेटेको छ। भारतले आगामी जुलाईभित्रमा ३० करोड नागरिकलाई खोप दिने लक्ष्य बनाएको छ। पहिलो चरणमा भने करिब ३ करोडलाई निःशुल्क खोप दिने घोषणा यसअघि गरिएको छ। त्यही पहिलो चरणअन्तर्गत खोप लगाउन थालिएको हो।

गत हप्ता सम्पन्न नेपाल-भारत परराष्ट्रमन्त्रीस्तरीय संयुक्त आयोग बैठकमा पनि खोपको विषयमा छलफल भएको थियो। साथै त्यसअघिको परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली र उनका समकक्षी एस जयशंकरबीचको भेटवार्तामा पनि नेपाललाई चाँडै खोप उपलब्ध गराउने विषयमा छलफल भएको थियो। ती छलफलमा नेपालले कोरोना खोपको आपूर्तिलाई सहज बनाइदिन अनुरोध गरेअनुसार भारतले नेपाललाई खोप उपलब्ध गराएको हो। खुल्ला सीमाना र निकै नजिकको सम्बन्ध भएकाले पनि भारतले नेपाललाई भ्याक्सिन प्रदान गरेको हो।

भारतले खोप वितरणमा पाँचवटा मोडल तयार गरेका छन्। जसमा पहिलो मोडलमा नजिकका छिमेकीहरु अफगानिस्तान र सार्क मुलुकहरुलाई निःशुल्क वितरण गर्ने जनाएको छ। यसमा पाकिस्तानलाई भने खोप उपलब्ध नगराउने विषयमा छलफल भइरहेको जनाइएको छ। पाकिस्तानलाई चीनले खोप दिने भएका कारण भारतले नदिने विषयमा छलफल भइरहेको बताइएको छ। दोस्रोमा भारतको अन्तर्राष्ट्रिय दायित्वका रूपमा विश्वका अन्य गरिब मुलुकहरुलाई ठूलो अनुदान दिएर वितरण गरिनेछ। भारतको यस योजनाबाट अधिकांश अफ्रिकी मुलुकहरु लाभान्वित हुनेछन्।

तेस्रोमा भारतबाट खोप लिन चाहने केही सम्पन्न मुलुकहरुले बजार मूल्यमा खोप प्राप्त गर्नेछन्। चौथोमा भारतले तेस्रो चरणमा केही मुलुकहरुमा परीक्षणमा सहभागी गराउने र ती मुलुकहरुलाई केही डोज निःशुल्क उपलब्ध गराउनेछ। र पाँचौंमा भारतले दुई खोपको सहउत्पादनको लागि केही देशहरूलाई अवसर प्रदान गर्न सक्ने जनाइएको छ। जसले गर्दा खोप उत्पादनमा तीव्रता आउनेछ।

# नेताको राजनीतिक खेल, जनतालाई पीडा

**विचार-विश्लेषण** भाग-८१



उपेन्द्र झा

नेपालका शासकहरु नेपाली जनतालाई नागरिक भन्दा पनि रैतीकै अवस्थामा हेर्न रुचाउँछन्। रुढिवादी, निरंकूश, उदारवादी वा प्रगतिशील, जोसुकै शासकहरुको जनतालाई गर्ने वा हेर्ने दृष्टिकोणमा तात्विक अन्तर भने देखिदैन। चाहे संघर्षको बेला होस् वा सामान्य शासनको बेला जनताले पीडै पीडा महसूस गरेका छन्। जो जसलाई जनताले शासक बनाए, जनतालाई राहत त दिन सकेन, देश र जनतालाई नै लूटे।

शासकहरु जहिले पनि आफ्नो निकम्मापनलाई लुकाउन अस्थिर सरकार, वैदेशिक हस्तक्षप भनेर स्वार्थपूर्तिमा तल्लीन रह्यो। व्यक्तिहरु धनवान बने तर देश र जनताको किञ्चित भलो हुन सकेन। शासकहरुको राजनीतिक खेलको कपटपूर्ण प्रवृत्तिलाई कहिल्यै पनि बुझ्न सकेन। नेपाली जनताले आफ्नो र देशको सर्वांगीण विकासका रथातिर दुईतिहाई नजिकको बहुमत दिएर शासकहरुलाई स्थिर सरकार बनाउन जनादेश दिँदा अहिले सरकारले संसद् विघटन गरि मध्यावधि चुनावको घोषणा गरेको छ।

देशमा फैलिई रहेको कोरोनाको महामारी, भ्रष्टाचार उन्मूलन, सुशासन र देश विकासको गहन जिम्मेवारीलाई जसरी तिलाञ्जली दिई अनेक बहाना झिकेर मध्यावधिमा जानु परेको सरकारको कुरा कोही पत्याई रहेको छैन। नेपाल कम्युनिष्ट पार्टीको दुईतिहाई नजिक रहेको स्थिर सरकारले आफ्नो कार्यकाल पूरा गर्न सकेन र ढलेपछि वाह्य कारण जे जस्तो देखिए पनि पार्टीभित्रको स्वार्थ र त्यसकारण भागवण्डाको खेल, पार्टीभित्र भावनात्मक मेल नभई गुटगत प्रवृत्तिको कडा प्रतिस्पर्धा देश र जनतासंगको सम्बन्धभन्दा शक्ति केन्द्रहरुको गुलामी आदि कारणले नेकपाको सरकार असफल भएको कुरा आम जनताले पनि बुझे।

लोकतन्त्र आएदेखि कुनै पनि सरकार आफ्नो कार्यकाल पूरा गर्न नसकुन भन्ने कारण अनुसन्धानको विषय भएको छ। कुनै पनि पार्टीभित्र सैद्धान्तिक, वैचारिक जन सरोकारको धरातलभन्दा व्यक्तिगत वर्चस्व, स्वार्थलिप्सा झूठ, फरेब, कपट, बेईमानी आदिको धरातल मजबूत रहेको कारणले नेपाली राजनीति असफल रहेको छ। शासकहरु जहिलेपनि आफूलाई राजनीतिभन्दामाथि ठान्ने कोशिशमा रहन्छन्। पंचायतकाल राजाको भएका कारण पनि कार्यकाल पूरा गर्ने बाध्यता थियो। तर लोकतन्त्रमा आदर्श, सिद्धान्त र ईमान्दारीको स्वतन्त्रता कुण्ठित भई छल, प्रपञ्च, जाल, फरेब, घोरवा यी पञ्चतन्त्र लिएर व्यक्तिगत स्वार्थपूर्तिको स्वतन्त्रताले ठाउँ पाएको छ।

नेपाली राजनीति शासकहरुको लागि दालभात हो, जतिबेला पनि खाई दिने। अहिले प्रधानमन्त्री केपी शर्मा ओलीले जनताले दिएको ऐतिहासिक जनादेशलाई के प्रयोजनका लागि सरकारले दुरुपयोग गरेको छ, ओली बाहेक अरु कसैले जान्दैन। तर राजनीति गलत ट्र्याकमा गएको छ। जनताप्रति उत्तरदायी रहने सरकारको यस्तो असंवैधानिक कदम हुनै सक्दैन। जनताभन्दा माथि भएको यो शासकीय मनोवृति हो, जसका कारण यस्ता राजनीतिक दुर्घटना घटी रहन्छ।

स्थिर राजनीतिलाई तरलीकृत बनाएर आफ्नो समूहहरुको पूर्ववत् प्रयोगले राजनीतिलाई आफ्नो नियन्त्रणमा लिन जुन दृढतापूर्ण ढंगले ओली अभिव्यक्ति दिई रहेको छ त्यो पूर्ववत् सम्भव देखिदैन। देवत्व प्राप्त गरे जस्तै भविष्यवाणी गर्न भ्रमित भएको ठहरिन्छ। तरलीकृत राजनीतिमा अनेक शक्तिको प्रभाव निहित रहेको हुँदा यसले कसको अपेक्षा पूरा गर्छ, थाहा हुँदैन।

आफ्नो असंवैधानिक कदमको विरोधमा कानून सम्मत र सत्य कुरा राख्दा समाजका हरेक क्षेत्रका अगुवाहरु, सेवानिवृत सम्माननीय प्रधान न्यायाधीशहरु, बुद्धिजीवी र प्रतिष्ठित व्यक्तिहरुप्रति अभद्र र अपमानजनक वाकयाँश प्रयोग गरि आक्रामक देखिएको केपी ओलीको बहुला शैलीले राजनीतिमा अनिष्ठ संकेतको आभाश भइरहेको सबैले महसूस गर्न थालेका छन्। वलिदानी आन्दोलन गरेर स्थापित गरिएको दुईतिहाईको नेकपाको स्थिर सरकारबाट जनताले यस्तै भूमिकाको अपेक्षा गरेका थिए ?

आर्थिक विकाससँगै देशको सर्वाङ्गीण विकास, सुशासन, असमानताको अन्त, लोकतन्त्र प्रणाली र जनताको जीवन शैलीमा सुधार आदि लामो समयदेखि नेपाली जनताले देखेको सपना स्थिर सरकारको असफलतासँगै समाप्त भएको छ।

पार्टी चलाउन धनलाभ गर्न मनसायले यहाँका राजनीतिक पार्टीले पार्टीभित्र तस्कर, माफिया, असामाजिक तत्वहरुको निर्वाध प्रवेश दिएकाले फलतः पार्टी त उसको कब्जामा गयो नै राज्यसत्ता पनि असामाजिक तत्वहरुको कब्जामा गएको छ। जुन सरकारले पनि भ्रष्टाचार, उन्मूलन, सुशासनको कुरा गर्ने तर केही गर्न नसक्ने, कृषि विकासका ठूला ठूला कुरा गर्ने तर कार्यक्षेत्रमा केही गर्न नसक्ने, देशमा रहेको परनिर्भरताको भायावह अवस्थालाई नजरअन्दाज गर्ने आदि अवस्थाले राजनीति कसको कब्जामा छ, यसै थाहा हुन्छ।

प्रजातन्त्र पुनर्स्थापनाको ३ दशक वित्दापनि घोषणा पत्रमा ल्याईएका सुधारका कार्यक्रमहरु थालिएको देखिदैन। सरकार बन्ने, भत्कने खेलहरुको निरन्तरतामा भ्रष्टाचार भने तीव्र रुपमा प्रगति गरेको छ। शासकवर्गमा देखिएको धनलाभको चाहना जनता र देश विकासभन्दा बढि रहेकोले देशको सुधार कार्यक्रम अवरुद्ध बनेको छ। प्रधानमन्त्री केपी शर्मा ओली भ्रष्टाचारीलाई संरक्षण गरेको ट्रान्सपेरेन्सी इन्टरनेशनलको प्रतिवेदनमा उल्लेख भएको छ। अर्थात् जसको पनि सरकार होस् देश विकास कसैको एजेण्डा छैन।

**शासकवर्गमा देखिएको धनलाभको चाहना जनता र देश विकासभन्दा बढि रहेकोले देशको सुधार कार्यक्रम अवरुद्ध बनेको छ। प्रधानमन्त्री केपी शर्मा ओली भ्रष्टाचारीलाई संरक्षण गरेको ट्रान्सपेरेन्सी इन्टरनेशनलको प्रतिवेदनमा उल्लेख भएको छ।**

गरीव मुलुकको वैदेशिक सहयोगलाई मनपरी उपयोग गर्न सत्ता प्राप्त गर्ने होडवाजीमा लिप्त तस्कर, र माफियाहरु राजनीतिमा काबिज रहेसम्म देश र जनताको भलो हुने कल्पना गर्नु बेकार हो। यो वर्चस्ववादी राजनीतिले तीन दशकमा न प्रणालीलाई स्थिर गर्न सक्यो न जनतालाई शान्ति, राहत दिन सक्यो। यस्तो अवस्थामा जन उत्तरदायी सरकारको कल्पना गर्नु वुद्धिमानी साबित हुन सक्छ ?

janukjha24@gmail.com

# शहीद परिवारलाई ५० लाख दिने घोषणामा प्रदेश सरकार चुकेकै हो



ओमप्रकाश सर्राफ

२०६३ साल माघ ५ गते मधेश आन्दोलनका पहिलो शहीद रमेश महतोको सम्झनामा हामी हरेक वर्ष बलिदानी दिवस मनाउँदै आएका छौं। प्रदेश २ मा हाम्रो सरकार पनि भएकोले माघ ५ गते बलिदानी दिवसको अवसरमा प्रदेश सरकारले सार्वजनिक विदा पनि दिँदै आएको छ। जनता समाजवादी पार्टी नेपालले पनि मधेशका विभिन्न जिल्लामा विभिन्न किसिमका कार्यक्रमहरु गरेर बलिदानी दिवस मनाएको छ।

अहिले प्रधानमन्त्री ओलीले जसरी कू गर्नुभएको छ, त्यसको विरुद्धमा जसपाले निरन्तररुपमा विभिन्न किसिमका आन्दोलनका कार्यक्रमहरु घोषणा गरेको छ। अवसंवैधानिक कदमको विरोधमा कार्यक्रम गर्दै आएको छ।

जसपा राष्ट्रिय पार्टी भइसक्दा पनि मधेश आन्दोलनले उठान गरेको मुद्दाहरु झन् बलियो रुपमा प्राथमिकतामा परेको छ। हामीले प्रत्येक वर्ष बलिदानी दिवस मनाउँदै आइरहेका नै छौं र जुन कार्यक्रम निरन्तर हुन्छ। त्यसको घोषणा गरिरहनुपर्ने आवश्यकता हुँदैन। हामीले माघ ५ गतेलाई बलिदानी दिवसको रुपमा मनाउँदै आएकोले यस वर्ष पनि स्वतःस्फूर्तरुपमा मनाइएको छ। बलिदान दिवसलाई जसपाले कहिल्यै पनि बिर्सन सकिदैन। किनकि सबै आन्दोलनकारी शक्तिहरु मिलेर जसपाको निर्माण भएको हो। बलिदानी दिवसलाई जसपाले क्यारेन्डरको रुपमा नियमित कार्यक्रम राखेकोले नै प्रत्येक वर्ष कार्यक्रम गर्छौं भन्ने घोषणा गरिरहनु परेन। अहिले देशव्यापीरुपमा आन्दोलनहरु भइरहेकोले बलिदानी दिवसमा बढी केन्द्रित नभएको होला। किनकि मधेश आन्दोलनमा वीर सपुतहरुले जुन कुराका शहादत दिएका थिए, आज त्यहीं प्राप्त उपलब्धिहरुको रक्षाका लागि हामी संघर्षका कार्यक्रमहरु गरिरहेका छौं। मधेश आन्दोलनबाट स्थापित भएको संघीयतालाई समाप्त पार्ने काम अहिले केपी ओली नेतृत्वको सरकारले गरिरहेको छ। शहीदको सपना साकार बनाउनका लागि नै शहीदलाई सम्झना गरिन्छ। त्योअनुसार हाम्रा कार्यक्रमहरु त निरन्तररुपमा भई रहेको छ। अहिले पूरै नेपाल जसपामय भएको छ।

मधेश आन्दोलनको उद्‌गमस्थल जहाँ मधेश आन्दोलनका प्रथम शहीद रमेश महतोको सहादत भएको थियो, त्यहाँ त यसपटक पनि जसपाले कार्यक्रम गर्नेछ। सिरहामा पनि जसपाका ठूला र प्रभावशाली नेतृत्वहरु हुनुहुन्छ। मधेश आन्दोलनबाट प्राप्त उपलब्धिहरुको रक्षाका लागि जसपा अहिले लोकतन्त्र, संघीयता, समानुपातिक समावेशिता लगायतको कार्यान्वयनका लागि आन्दोलनरत् नै छ। जसपाले गरिरहेको आन्दोलन लोकतन्त्र बनाउन ठूलो आन्दोलन गरिरहेको छ। रमेश महतो जस्ता वीर शहीदहरुको सपना पूरा गर्नका लागि जसपा लागिपरेको छ। यसमा जसपाले कहीं कतै सम्झौता गर्दैन।

तत्कालीन मधेशकेन्द्रित दलहरुको संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले गरेको प्रतिबद्धताअनुसार शहीद परिवारलाई ५० लाख रुपैयाँ प्रदेश सरकारबाट उपलब्ध गराउनुपर्ने थियो। यसका लागि हामी आन्तरिकरुपमा विभिन्न फोरमहरुमा आवाज पनि उठाउँदै आएका छौं। प्रदेश सरकारको नेतृत्व गरिरहेकाहरुलाई पनि हामीले आग्रह गरिरहेका छौं। पाँच वर्षका लागि हाम्रो सरकार छ भने एक वर्षमा शहीदलाई १० लाखको दरले पनि दिन सक्यौं भने पाँच वर्षमा हामीले घोषणा गरेको प्रतिबद्धता पूरा गर्न सक्छौं। ज्यानको मूल्य ५० लाख रुपैयाँमा दाँज्न सकिँदैन तर पनि जुन हाम्रो प्रतिबद्धता थियो, त्यसलाई पूरा गर्ने प्रयास गरिएको भए आउने समयमा मधेशको अधिकारका लागि भइरहेको संघर्षमा थप टेवा पुग्थ्यो। यस विषयमा कतै न कतै हाम्रा जसपा र प्रदेश २ सरकार चुकेकै छ। प्रदेश सरकारले गर्न सकेन र पार्टीपंक्तिले पनि यसमा ध्यान दिएन भन्ने कुरामा हाम्रो पनि वैचारिक फरक मत छ। तत्कालीन अवस्थामा गरिएको प्रतिबद्धता पूरा गराउनका लागि हामीले पार्टीलाई दबाब दिइरहेका छौं। शहीद परिवार र घाइतेहरुका लागि प्रदेश सरकारले आंशिकरुपमा केही त अवश्य नै गरेको छ तर जति हुनुपर्ने थियो, त्यो भएको छैन।

जसपाको प्रदेश सरकार भएपनि जुन हिसावले पार्टीको निर्देशन, नीतिअनुसार सरकार चल्नुपर्दथ्यो, त्यसरी चलेन। नेताहरुको कोटामा जसरी मन्त्रीहरु परे, त्यहींअनुसार चल्दै गयो। प्रदेश सरकार पार्टीको नीति र एजेन्डाअनुसार चल्नुको साटो आफ्ना नेतालाई मात्रै खुशी पार्ने गरी कामहरु गरेको देखियो। समग्रमा संस्थागतरुपमा प्रदेश सरकारका मन्त्रीहरुले काम गरेको देखिएन। शहीद परिवारलाई ५० लाख रुपैयाँ दिने घोषणा तत्कालीन मधेशी मोर्चाले गरेको थियो। त्यसबाट घटकहरु अहिले एकै ठाउँमा आएर जसपाको निर्माण भएको छ। पार्टीको नीतिलाई लागू गरेको भए अहिले यस्ता गुनासाहरु आउने थिएनन्। यसमा प्रदेश सरकार पनि चुकेको छ र हाम्रा नेतृत्व पनि चुकेका छन्।

प्रदेश सरकारले शहीदको सपना साकार पार्न चुक्नुको अर्को र मुख्य काम संघीय सरकारको उदासीन पनि हो। प्रदेश सरकारलाई संविधानले दिएको अधिकारहरु हस्तान्तरण गर्न नचाहने, प्रदेशलाई आफ्नो इकाईको रुपमा बुझ्ने संघीय सरकारको असहयोगका कारण पनि प्रदेश सरकारले काम गर्न सकेन। संघीय सरकार प्रदेशप्रति बेइमान देखियो, प्रदेशलाई असफल बनाउन उसले विभिन्न किसिमका नीतिहरु अपनायो। तैपनि प्रदेश सरकारको मातहतमा रहेका स्रोतसाधनहरुलाई समुचितरुपमा सदुपयोग गर्न सकिएन। संघीय सरकारले सहयोग गरेन वा अधिकार दिएन भन्ने कुरा त छँदैछ तर आफूसँग भएका स्रोतसाधनको पनि उपयोग गर्न सकेन। प्रदेश २ लाई समृद्ध बनाउन सक्ने हरेक पूर्वाधारहरु छन्, शिक्षा, स्वास्थ्य, यातायात, रोजगार, कृषि लगायतका हरेक क्षेत्रमा काम गर्न अवसर थियो। प्रदेश २ कृषि प्रधान प्रदेशको रुपमा स्थापित गर्न सकिन्थ्यो। संघीय सरकारले धेरै ठाउँमा बाधा अड्चन खडा गरेपनि प्रदेश सरकारले गर्न सकेन।

*(सर्राफ जसपा नेपालका नेता हुन्)*

# संघीय सरकारविरुद्ध प्रदेश २ ले आधा दर्जन मुद्दा हालेको छ



हामीले क्रान्तिकारिता देखाएका होइनौं । संविधान र कानूनको उल्लंघन हुँदा, प्रादेशिक अधिकारको उल्लंघन हुँदा त्यो विषयका लागि हामी अदालत जाने गरेका छौं । अरु प्रदेशहरुको पनि इच्छा होला तर उहाँहरु आफ्नै नेतृत्वविरुद्ध जान त्यो हिम्मत र साहस देखाउन अप्ठ्यारो भएको होला । त्यसकारण उहाँहरु आउन नसक्नुभएको हो । तर हाम्रो यो क्रान्तिकारिता होइन, वास्तविक मुद्दा उठाएका हौं ।

**दीपेन्द्र झा**
**मुख्य न्यायाधिवक्ता, प्रदेश २**

**० प्रदेश २ सरकारले संघीय सरकारविद्ध विभिन्न मुद्दा सर्वोच्च अदालतमा दायर गराएको छ, के-के विषयमा मुद्दाहरु दायर भएको छ ?**

– हामीले संघीय सरकारमाथि ६ वटा मुद्दा गरेका छौं । पहिलो मुद्दा सागरनाथ वनलाई संघीय सरकारको मन्त्रिपरिषद्ले प्राधिकरण बनाएर लिने भनेको थियो, त्यसको विरुद्ध हामी गयौं । त्यसमा हामी सफलता पाएका छौं । दुईचोटि त्यसमा अन्तरिम आदेश भयो । त्यसपछि सामान्य प्रशासनमन्त्रीले कर्मचारीलाई जथाभावी चलाइदिने प्रवृत्ति देखिएको थियो, त्यसलाई रोक्नका हामी गयौं । त्यसपश्चात् प्रहरी समायोजन ढिलो भइरहेको छ भनेर पनि गएका छौं । त्यस्तै, फौजदारी दायित्वका विषयलाई प्रदेश दिनुपर्छ भन्यौं, त्यसका लागि पनि अदालत गएका छौं । अस्ति भर्खर भौतिक पूर्वाधार मन्त्रालयको सिंचाइ कार्यालयहरु पनि प्रदेशबाट संघीय सरकारमा फिर्ता लिने निर्णय गरेको थियो, त्यसका विरुद्धमा अदालत गयौं । भनेपछि हामी अहिलेसम्म संघीय सरकारविरुद्ध आधा दर्जन मुद्दा हालिसकेका छौं ।

**० प्रदेश २ ले हालेको मुद्दाहरुमा के प्रगति छ ?**

– सागरनाथ वनमा अन्तरिम आदेश भयो, त्यो हाम्रो प्रारम्भिक सफलता नै हो । अहिले संसद विघटन भएकोले अन्य मुद्दाहरुमा ढिलाइ भइरहेको छ । अहिले मुद्दाहरु स्थगित भइरहेका छन् ।

**० संघीय सरकारविरुद्ध प्रदेश २ सरकार मात्रै किन गुनासो पोख्छन् त ?**

– प्रदेश २ सरकार संघीयताप्रति अलि बढी जागरुक छ । आफ्नो स्वायत्तता, प्रादेशिक अधिकार उल्लंघन हुँदा त्यसलाई स्वीकार गर्ने अवस्था छैन । संघीयता पनि त्यहीं मधेश आन्दोलनको उपलब्धि भएकोले संघीयताप्रति बढी लगाव छ, बढी आकर्षण छ । त्यसकारणले पनि प्रादेशिक अधिकार र संघीयताको उल्लंघन हुँदा हामी अदालत आउने गरेका छौं । अन्य राजनीतिक कुराहरु पनि होला । अन्य ६ प्रदेशहरुमा उही पार्टीको प्रादेशिक सरकार रहेको इच्छाविपरीत काम हुँदा पनि विरोध गर्न अप्ठ्यारो भएको होला । तर प्रदेश २ मा राजनीतिक अवस्था पनि फरक छ । ती सम्पूर्ण विषयहरुले गर्दा हामी धेरै आउँछौं ।

**० अन्य प्रदेशहरुका पनि गुनासा र असन्तुष्टिहरु छन् । तर ती प्रदेशहरु अदालतमै मुद्दा हाल्ने तहसम्म पुगिसकेको छैन । प्रदेश २ ले अलि बढी नै क्रान्तिकारिता देखायो नि ?**

– हामीले क्रान्तिकारिता देखाएका होइनौं । संविधान र कानूनको उल्लंघन हुँदा, प्रादेशिक अधिकारको उल्लंघन हुँदा त्यो विषयका लागि हामी अदालत जाने गरेका छौं । अरु प्रदेशहरुको पनि इच्छा होला तर उहाँहरु आफ्नै नेतृत्वविरुद्ध जान त्यो हिम्मत र साहस देखाउन अप्ठ्यारो भएको होला । त्यसकारण उहाँहरु आउन नसक्नुभएको हो । तर हाम्रो यो क्रान्तिकारिता होइन, वास्तविक मुद्दा उठाएका हौं ।

**० तपाईंहरुले सर्वोच्च दायर गरेको मुद्दाहरुमा कहिलेसम्म सफलता पाउने देख्नुहुन्छ ?**

– समय त लाग्छ, अदालती प्रक्रिया हो । अदालती प्रक्रिया भनेको धेरै समय लिन्छ । तर प्रारम्भिक चरणमा हाम्रो सफलता अवश्य नै भएको हो ।

**० प्रदेश २ मा ऐन कानूनहरु निर्माण अवस्था कस्तो छ ?**

– प्रदेश २ मा हालसम्म ४१ वटा ऐन कानूनहरु बनेका छन् । अस्ति मात्रै निजामतीको ऐन सम्पन्न भएको छ, त्यो अब प्रमाणीकरणका लागि जान्छ । बाँकी सदनमा विचाराधिन अवस्थामा छन् । यस्तै पाइपलाइनमा करिब १५-१६ वटा ऐनहरु छन् ।

**० प्रदेश २ ले अहिलेसम्म नाम र राजधानी किन तोक्न नसकेको होला ?**

– हुन त यो राजनीतिक प्रश्न हो, तैपनि तपाइँले उठाएको प्रश्न सही हो । नाम र राजधानीका लागि एकचोटि कोशिस पनि भएको हो । यसका लागि संसदमा मतदान पनि भएको थियो तर कसैले पनि दुई तिहाइ ल्याउन सकेन र त्यो असफल भयो । नाम र राजधानीका लागि पुनः एकचोटि प्रयास हुन्छ ।

**० भनेपछि यो सरकारले यही कार्यकालभित्र आफ्नो नामाकरण र राजधानी टुंगो लगाउन सक्छ त ?**

– यो कुरा त सरकारका पदाधिकारीले जवाफ दिनुपर्ने हो । तैपनि संसदमा दुई तिहाइ पुग्ने अवस्था भयो नाम र राजधानी टुंगो लाग्न सक्छ । नाम र राजधानीमा सहमतिका लागि वार्ता र सम्वाद निरन्तर भइरहेको छ ।

**० संसद विघटनको पराकम्प प्रदेश २ मा कतिको परेको छ ?**

– संसद विघटनको असर अहिलेसम्म प्रदेश २ मा अनुभूति भएको छैन ।

**० संसद विघटनको विरुद्धमा हुने कार्यक्रमहरुमा प्रदेश २ का मन्त्रीहरु जाने र अभिव्यक्ति दिनुपर्ने कारण के छ ?**

– राजनीतिक कार्यक्रमहरु हो, मन्त्रीहरु पनि राजनीतिक व्यक्तित्व नै हुन् । संसदीय दलबाट निर्वाचन मन्त्रीहरु हुन्छन् । त्यसकारणले राजनीतिक कार्यक्रममा जानु स्वाभाविक नै हो । तर संसद विघटनले गर्दा प्रदेश २ सरकारमा कुनै किसिमले असर पारेको छैन । प्रदेश २ को प्रमुख प्रतिपक्षी नेकपा नै थियो ।

**० संसद विघटनका विरुद्धमा विभिन्न राजनीतिक दलहरुले आन्दोलन गरिरहेका छन्, यदि अदालतले विघटनलाई सदर गऱ्यो भने आन्दोलनमाथि प्रश्न उठ्दैन ?**

– संसद विघटनलाई अदालतले सदर गऱ्यो भने त्यसपछि के हुन्छ भन्ने काल्पनिक कुरा हो । संसद विघटनपछि देशले कस्तो राजनीतिक कोर्स लिन्छ, त्यसले नै प्रदेश २ लाई निर्धारण गर्छ । प्रदेश २ देशको राजनीतिभन्दा त अछुतो रहन सक्दैन । त्यसकारणले सर्वोच्च अदालतले के भन्छ, त्यसपछिको त्यहाँ प्रभाव देखिन्छ ।

**० सर्वोच्च अदालतमाथि अहिले चौतर्फी दवाब परिरहेको छ, यस्तो निष्पक्ष निर्णय आउँला ?**

– सर्वोच्च निष्पक्षरुपमा निर्णय गर्छ । सरकारले गरेका निर्णयहरु सर्वोच्चले उल्टाएको इतिहास पनि छ । जस्तै पञ्चायती व्यवस्थामा पनि राजाको पालामा पनि अदालतले शाही आयोगलाई भंग गऱ्यो । पञ्चायती व्यवस्थामा सर्वोच्च डराएन, ज्ञानेन्द्रको पालामा सर्वोच्च डराएन । त्यसकारणले सर्वोच्चले पुनः आफ्नो इतिहासलाई कायम राख्दै दिशाहीन अवस्थामा रहेको नेपालको राजनीतिलाई दिशा दिन्छ, टुंगोमा पुऱ्याउँछ । सर्वोच्चले निष्पक्ष र संवैधानिक हिसावले निर्णय गर्छ भन्नेमा म विश्वस्त छु ।

**० भनेपछि संसद पुनर्बहाली हुन्छ ?**

– निश्चितरुपमा । त्यसमा पुनर्बहालीको सन्दर्भमा भन्न सक्छ, निर्वाचनको सन्दर्भमा भन्न सक्छ । जुन विषयहरुसँग गाँसिएका छन्, ती सम्पूर्ण विषयहरुमा विस्तृतरुपमा स्पष्ट रोडम्याप दिने गरी सर्वोच्चले निर्णय दिन्छ ।

**० जसरी प्रधानमन्त्री ओलीले तर्क गर्नुहुन्छ र संविधानअनुसार नै विघटन गरेको भन्नुहुन्छ, यदि त्यहीं तर्क दिएर सर्वोच्चले विघटनलाई सदर गऱ्यो भने ?**

– त्यो कम सम्भावना देखिन्छ । किनभने संविधानमा भंग गर्न नसक्ने भन्ने होइन, प्रतिनिधिसभा विघटन गर्ने ठाउँ छ । तर तीन/चार चरणको प्रक्रिया पार गरेपछि राखेको छ । जस्तै, धारा ७६ (१) अनुसार भनेपछि २, ३, ४ र ५ को प्रक्रिया पूरा गर्नुपऱ्यो । जुन संसद सरकार दिन सक्दैन त्यो विघटन हुने परिकल्पना हाम्रो संविधानले गरेको छ । तर चरणहरु पार गर्नैपर्ने हुन्छ । चरणहरु पार नै नगरिकन सिधै धारा ७६ को ७ मा गएको छ । यसकारणले सर्वोच्चले संसद विघटनलाई सदर गर्ने सम्भावना कम छ ।

**० करिब दुई तिहाइको नेतृत्व गरेको प्रधानमन्त्रीले सरकार चलाउन सक्दिँन, ताजा जनादेशका लागि जनतामा जान्छु भन्नु कसरी असंवैधानिक भयो त ?**

– निर्वाचनमा त जान पाइन्छ तर विधि, विधान, कानूनअनुसार निर्वाचनमा जानुपऱ्यो नि । जतिबेला मन लाग्यो, जसलाई मन लाग्यो त्यसरी निर्वाचनमा जान पाइँदैन । निर्वाचनमा जाने तरिका छ नि । त्यसैले त हामीलाई संविधान चाहिएको हो । त्यसैले त दुई वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन नपाउने, एकचोटि अविश्वासको प्रस्ताव लगाइसकेपछि एक वर्षसम्म फेरि अविश्वासको प्रस्ताव ल्याउन नपाउने, यी प्रावधानहरु संविधानले राखेको छ । भनेपछि जनतामा जाने विषयमा संविधानबमोजिम जानुपऱ्यो ।

**० अन्य दलहरुसँग सरकार बनाउने हैसियत छैन भने बहुमत प्राप्त दलका प्रधानमन्त्रीले संसद विघटन गर्न पाउँछ नि ?**

– त्यो कुरा कहाँ प्रमाणित भयो त । अन्य दलहरुलाई मौकै नदिइकन कसरी प्रमाणित हुन्छ त । संसदमा गएर जाँच गरेको भए हुन्थ्यो नि । संसदमा गएर सामना गरिसकेपछि संसद विघटन गरेको भए संवैधानिक मानिन्थ्यो नि । संसदीय प्रणालीमा संसदमा टेष्ट भएपछि मात्रै त्यो कुराले मान्यता पाउँथ्यो । तर टेष्टै हुन पाएन ।

**० त्यसो हो भने प्रधानमन्त्री ओलीको तर्कलाई कसरी लिनुहुन्छ ?**

– उहाँले एउटा कार्यकारी प्रमुखको रुपमा आफूले गरेको विघटनको प्रतिरक्षा गर्नु स्वाभाविक हो । किनभने उहाँले गरेको कार्यप्रति उहाँले नै स्टेन्ड त लिनुपऱ्यो नि । तर त्यो प्रतिरक्षा नै अन्तिम व्याख्या हो र अन्तिम सत्य हो भन्ने पनि होइन । अन्तिम सत्यका लागि सर्वोच्चको आदेश कुर्नै पर्छ ।

# संसद पुनर्स्थापनपछि सरकार बनाउन जसपाको भूमिका महत्वपूर्ण रहन्छ

पुनर्स्थापित संसदमा जसपाको महत्व झन् बढेर जान्छ । पहिला एउटा पार्टीलाई बहुमत हुँदा अन्य पार्टीहरु भूमिकाविहीन थिए । अहिले नेकपा जसरी फुटेको छ, यो अवस्था जसपाको महत्व बढेर गएको छ । यस्तो महत्वपूर्ण पार्टीको प्रस्ताव भोलीको संसदले नमान्ला भनेर अब कसैले नसोचे हुन्छ । भोलीको दिनमा सरकार वा संसद सञ्चालनमा जसपाको महत्व रहन्छ ।



**मनिष सुमन**
**जसपाका केन्द्रीय कार्यकारिणी समिति सदस्य तथा प्रदेश २ का प्रदेशसभा सदस्य**

**० जनता समाजवादी पार्टी नेपाल संसद पुनर्स्थापना किन चाहन्छ ?**

– हामी मात्रै होइन, देशका हरेक नागरिकले संसद पुनर्स्थापना चाहिरहेका छन् । केपी ओली र उनका केही मुर्ख समर्थकहरुले संसद विघटनको पक्षमा छन् । केपी ओलीसँगै रहनुभएका विद्वान अधिवक्ता र संविधान निर्माताहरु यो कदमको विपक्षमा छन् । लामो बलिदानीपश्चात् संघीय लोकतान्त्रिक गणतन्त्र व्यवस्था संस्थागत हुँदै गर्दा संविधानमा हुँदै नभएका कुरो संविधान धारा ७६ र ८५ लाई अपव्याख्या गरी आफ्ना संघतिया राष्ट्रपतिज्यूलाई दुरुपयोग गरी आफू लामो समयसम्म प्रधानमन्त्री भइराखौं भन्ने जस्ता दम्भका साथ नेकपाको घर झगडाका कारण सिंगो देश र व्यवस्था बर्खिलाप गरी मुलुकलाई खाडलमा पुऱ्याउने दुष्प्रयास गर्नुभएको छ । तसर्थ, प्रधानमन्त्रीको यो कदमको घोर विरोध गर्दै जसपा कार्यक्रमहरु गर्दै आइरहेको छ ।

**० प्रधानमन्त्रीले संसद विघटनका साथै निर्वाचनको मिति पनि तोकिसक्नुभएको छ नि ?**

– निर्वाचनको मिति त कल्पना मात्र हो । अहिले कोरोनाको खोप सुरु हुन सकेको छैन, निर्वाचनको लागि कमसेकम १२० दिन चाहिन्छ, यो समय पनि अपुग जस्तो भयो । त्यस्तै, खर्बौं खर्ब रुपैयाँ यो निर्वाचनमा खर्च हुन्छ । यी र यस्ता प्राविधिक कारणहरुका निर्वाचन सम्भव छैन । यतिकै पनि राजनीतिक परिस्थिति हेर्दा जुन निर्वाचनको विपक्षमा सबै पार्टीहरु छन्, जुन निर्वाचन गराउने मनसाय नै छैन भने यस्तो परिप्रेक्ष्यमा निर्वाचन हुन्छ भन्ने परिकल्पना कसरी गर्ने ? सर्वोच्च अदालतको फैसला नआउन्जेलसम्म निर्वाचनको परिकल्पना गर्नु हतार हुन्छ ।

**० तर निर्वाचन आयोगले चुनावको तयारी थालिसकेको छ नि ?**

– निर्वाचनका कार्यहरु सधैं गरिरहने आयोगले दायित्व बोकेको छ, उसले सधैं नै सामान्य कार्यहरु गरिरहन्छ । अहिले त कुनै काम भएको छ जस्तो लाग्दैन ।

**० तर निर्वाचनको सन्दर्भमा राजनीतिक दलहरुसँग छलफल पनि गरेको छ, त्यसमा तपाईंका पार्टीका प्रतिनिधिहरु पनि सहभागी हुनुभएको थियो ?**

– आयोगले निर्वाचनकै लागि मात्र होइन, अन्य विषयका पनि गरेको थियो । आयोगले सामान्य सर्वदलीय छलफल गर्दैमा बैशाख १७ र २७ गते निर्वाचन हुँदैछ भनेर कल्पना गर्नु हतार हो ।

**० राजनीतिक दलहरु पनि निर्वाचनमा जुटिसकेको देखिन्छ त ?**

– राजनीतिक कार्यकर्ता जहिले पनि आफ्नो राजनीतिक गतिविधि गरिरहेकै हुन्छ । हामी सधैं जनताका बीचमा हुन्छौं । तसर्थ, हाम्रा गतिविधिहरुको एउटै मात्र आशय हुन्छ कि पाँच वर्षमा निर्वाचन हुन्छ, सो निर्वाचनमा जनताले हामीलाई मत दिई विजयी बनाउँछ भन्ने इच्छाका साथ हामीले यस्ता कामहरु गरिरहेका छौं । नेपाली कांग्रेसकै संस्थागत निर्णय हेर्दा प्रधानमन्त्रीको यो कदमको विरोध र बैशाखको निवार्चनलाई स्वप्नको रुपमा मात्रै देखेको छ । माधव-प्रचण्डकै खेमालाई हेर्ने हो भने निर्वाचनलाई स्वीकारै गर्न नसक्ने देखिएको छ । हाम्रो जसपाले पनि यो निर्वाचनको कल्पनै गरेका छैनौं । आवधिक निर्वाचनका लागि हामी तयार छौं । मध्यावधिक निर्वाचन भनेको लोकतन्त्रको कुरुपता हो । तसर्थ, हामीले सर्वोच्च अदालतको फैसला कुरिरहेका छौं, त्यसपछिका निर्णय अर्कै थरिको हुन सक्छ ।

**० प्रधानन्यायाधीशले त बहुमतको प्रधानमन्त्रीले संसद विघटन किन गर्न सक्दैन भन्ने प्रश्न गरिरहनुभएको छ नि ?**

– प्रधानन्यायाधीशले यस्तो प्रश्न गर्नुभएको भन्ने कुराहरु बाहिर आएको छ । हामीलाई शंका त भइरहेकै छ । तर शंकाकै भरमा निर्वाचन भइहाल्छ भन्नेमा लाग्नु हुँदैन । बहुमतको प्रधानमन्त्री होस् वा महाबहुमतको प्रधानमन्त्री होस्, नेपालको संविधानअनुसार संसद विघटन गर्ने अधिकार कुनै धारामा छैन । यो कुरा प्रधानन्यायाधीशले पनि बुझ्नु भएको छ ।

**० तपाईंहरु यो संविधानलाई स्वीकार गरिसक्नुभएको छैन तर आज त्यहीं संविधानको रक्षाका लागि संघर्ष किन ?**

– हामी यो संविधानको संशोधन चाहन्छौं । हामीले यो संविधानमा सबैको भाषिक अधिकार, नागरिकको मौलिक अधिकार, समान जनसंख्याको आधारमा निर्वाचन क्षेत्र, राष्ट्रियसभा प्रतिनिधित्व लगायतका विषयमा हामी कुरा उठाउँदैछौं । नेपालका संविधानमा संशोधनका मुद्दाहरु लिएर आन्दोलनरत् छौं । पुनर्गठित प्रतिनिधिसभाबाट संविधान संशोधन उन्मुख हुन्छौं भन्ने विश्वास दिलाउन चाहन्छौं ।

**० अहिले जसपाको एक सूत्रीय माग संसद पुनर्स्थापना छ, संसद पुनर्स्थापना भयो भने तपाइँहरुको माग पूरा हुन्छ त ?**

– संसद पुनर्स्थापनाबाटै हाम्रो सबै माग पूरा हुँदैन । यो त अल्पकालीन माग हो । संघीय लोकतान्त्रिक गण्तन्त्रको रक्षा गर्नु अहिलेको हाम्रो उद्देश्य हो । गणतन्त्र र प्रतिनिधिसभा रहे संविधान संशोधन पनि हुन्छ, आम नेपाली जनताको संविधानप्रति स्वामित्व बढ्छ भन्ने उद्देश्यका साथ हामी आन्दोलनरत् छौं । प्रतिनिधिसभा पुनर्स्थापना हुनुपऱ्यो, त्यसपश्चात् पहिलो काम भनेको अहिले प्रधानमन्त्री जो सनकी छन्, पागल छन् भन्दा पनि हुन्छ, यस्ता प्रधानमन्त्रीबाट देशलाई उन्मुक्ति दिलाउनुपऱ्यो । तिनका सखा विद्यादेवी भण्डारीलाई महाभियोग लगाएर विराम दिनुपऱ्यो । ती सबै अल्पकालीन काम सम्पन्न गरेर पहिलो प्राथमिकताको काम भनेको संविधानलाई संशोधन गरेर आमनेपाली जनतालाई संविधानप्रति स्वामित्व बढाउनुपऱ्यो ।

**० संसद पुनर्स्थापना भएपनि तपाईंहरुसँग संविधान संशोधन गर्ने हैसियत त हुँदैन नि ?**

– परिस्थितिले बहुमतको अवस्था सिर्जना गराउँछ । बहुमतको धङ्धङ्गी गर्नेहरु पार्टी फुटाइसके, औपचारिकता मात्रै बाँकी छ ।

**० तर, माधव-प्रचण्ड समूह वा कांग्रेसले नै संशोधन गर्न तपाईंलाई साथ दिन्छ कसरी मान्ने ?**

– पुनर्स्थापित संसदमा जसपाको महत्व झन् बढेर जान्छ । पहिला एउटा पार्टीलाई बहुमत हुँदा अन्य पार्टीहरु भूमिकाविहीन थिए । अहिले नेकपा जसरी फुटेको छ, यो अवस्था जसपाको महत्व बढेर गएको छ । यस्तो महत्वपूर्ण पार्टीको प्रस्ताव भोलीको संसदले नमान्ला भनेर अब कसैले नसोचे हुन्छ । भोलीको दिनमा सरकार वा संसद सञ्चालनमा जसपाको महत्व रहन्छ ।

**० यदि संसद पुनर्स्थापना भयो भने जसपा अन्य दलको सरकार बनाउनका लागि सहयोगी भूमिकामा वा मन्त्री बन्ने मात्रै हुन्छ, सरकारकै नेतृत्व गर्ने अवस्था पाउनुहुन्न नि ?**

– सरकारमा जाने नजाने भोलीको कुरा हो । अब संसदमा हाम्रो दुरुपयोग कसैले गर्न सक्दैन । मधेशका सबै जनता एकजुट भइसके, सिंगो मधेशका एक मात्र पार्टी जसपा संसदमा झन् बलियो भएर आउँदैछ । अब कुनै सरकार निर्माण गर्न हाम्रो आवश्यकता पर्छ नै । भोलीको दिनमा पुनर्स्थापित संसदमा जसपा ठूलो पार्टी भएर आउँछ । तसर्थ जसपाबिना संसद चल्दैन, सरकार चल्दैन भन्ने किसिमको ल्याकत हामीले ल्याइसकेपछि हाम्रो ध्येय भनेको संविधान संशोधनसम्बन्धी विधेयक पारित गराउनु हुनेछ ।

**० ठूलो पार्टीको रुपमा आउनका लागि चुनावमा जानुपऱ्यो नि ?**

– चुनाव अहिले भइरहेको छैन । धारा ८५ को (१)ले यो प्रतिनिधिसभाको अवधि पाँच वर्षका लागि हुनेछ भनेर किटान गरेको छ । तसर्थ, आवधिक निर्वाचनको पक्षमा हामी छौं ।

**० सर्वोच्चबाट यदि निर्वाचनमै जाने निर्णय भयो भने ?**

– हामी यस्ता कल्पना गर्दैनौं । सम्मानित सर्वोच्च अदालतले संविधानविपरीत निर्णय गर्ला भनेर कल्पना गरेका छैनौं ।

**० तपाईंका पार्टी अध्यक्ष महन्थ ठाकुरले सर्वोच्चले जे निर्णय गर्छ त्यो मान्छौं भन्नुभएको छ, भनेपछि यो निर्वाचनमा जाने संकेत पनि हो नि ?**

– सम्मानित अदालतलाई हामी मान्दैनौं भनेका छैनौं । अदालतप्रति हाम्रो आस्था र विश्वास छ । अदालतको निर्णयलाई हामीले पहिला पनि मानेकै छौं । सबैको आस्थाको केन्द्र भनेको नै अदालत हो । यही कुरो हाम्रा अध्यक्ष महन्थ ठाकुरजीले भन्नुभएको हो ।

**० अब जसपाको आन्तरिक कुरो गरौं, जसपाले यत्रो आन्दोलन गरिरहँदा पूर्वराजपाका अध्यक्षमण्डलका नेता राजकिशोर यादव कहीं पनि देखिनु भएको छ, उहाँ किन असन्तुष्ट हुनुहुन्छ ?**

– जसपाका सबै नेता कार्यकर्ता पार्टीद्वारा घोषणा भएको आन्दोलनमा परिचालित छन् । ७७ वटै जिल्लामा माघ ७ गते जनप्रदर्शन भएको छ । ओलीको कदमको दोस्रो चरणको विरोधका कार्यक्रम सम्पन्न गरेका छौं । अब तेस्रो चरणको कार्यक्रम घोषणा हुन्छ । त्यसैले सबै नेता कार्यकर्ता परिचालित भएका छन् । जहाँसम्म सिरहामा कार्यक्रम हुँदा राजकिशोर यादवजी कार्य व्यस्तताका कारण आउन नसकेको जानकारी दिनुभएको हो । बाहिर आएका कुराहरु फगत हुन् । कोही साथीहरु फोन रेकर्ड गर्ने, दुष्प्रचार फैलाउने अनुशासनहीन काम हो । हामी सबै एक छौं ।

**० जसपाको कुनै पनि कार्यक्रम राजकिशोर यादवको उपस्थिति हुँदैन, किन ?**

– सिरहामा कार्यक्रम हुँदा उहाँलाई प्रमुख वक्ताको रुपमा दिइएको थियो तर कार्य व्यस्तताका कारण जान सक्नुभएन । आगामी कार्यक्रमहरु उहाँ पनि देखिनुहुन्छ । उहाँ पार्टीका जिम्मेवार नेता हुनुहुन्छ ।

**० तर पार्टीले उहाँलाई अवहेलना गऱ्यो भन्ने आरोप उहाँनिकट कार्यकर्ताहरुको छ नि ?**

– उहाँ आफै नेता हो । उहाँले नेता कार्यकर्ताको मूल्यांकन गर्ने ठाउँमा हुनुहुन्छ । उहाँनिकटका कार्यकर्ताहरुको आरोपलाई आधार नमानौं । उहाँले कार्यक्रममा जान्न, बहिष्कार गरे भनेर कहीं भन्नुभएको छैन ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# ‘नेपाल–भारतबीचको सम्बन्ध थप सुदृढ हुँदै’

सञ्चारकर्मी साथीहरु,
भारतको नयाँ दिल्लीमा हिजो २ माघ (जनवरी १५) मा सम्पन्न नेपाल-भारत संयुक्त आयोगको छैठौं बैठकमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गरी आज स्वदेश फर्केको छु ।
उक्त बैठकको सहअध्यक्षता नेपालको तर्फबाट मैले र भारतका तर्फबाट विदेश मन्त्री श्री एस. जयशंकरले गरेका थियौं । सो अघि २९ पुस र १ माघ २०७७ मा उच्च अधिकारीहरुको तयारी बैठक सम्पन्न भएको थियो ।
नेपाली प्रतिनिधिमण्डलमा भारतका लागि नेपाली राजदूत, परराष्ट्र र स्वास्थ्य तथा जनसंख्या सचिवहरुएवं नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायका सहसचिवहरु तथा अन्य अधिकारीहरु सम्मिलित हुनुहुन्थ्यो ।
संयुक्र आयोगको बैठकले राजनीतिक, सुरक्षा तथा सीमा, कनेक्टिभिटि/पूर्वाधार एवं आर्थिक सहयोग, व्यापार तथा पारवहन, उर्जा तथा जलश्रोत, र संस्कृति, पर्यटन तथा शिक्षा गरी मुख्यतः पाँचवटा समूह अन्तर्गत आपसी सहयोगका विविध पक्षहरुमा समष्टिगत समीक्षा गर्दै द्विपक्षीय सहयोग प्रबर्धन गर्ने सहमति गरेको छ ।
नेपाल-भारत सम्बन्ध घनिष्ट, सघन र विविध रहेकोले द्विपक्षीय संयन्त्रहरु नियमित र प्रभावकारी हुन अत्यन्त जरुरी हुन्छ । संयुक्त आयोगका बैठकहरु विगत केही वर्षयता मुख्यतः सन् २०१४ पछि निरन्तर रुपमा आयोजना भएका छन् । विगत ७ वर्ष भित्र ४ वटा बैठकहरु सम्पन्न हुनु महत्वपूर्ण कुरा हो ।
कोभिडबाट सृजित हालको प्रतिकूल परिस्थितिबीच संयुक्त आयोगको बैठक सम्पन्न हुनु एवं आपसी सहकार्य र सहयोगले थप गति लिनु निश्चय नै सकारात्मक कुरा हो । यस अगाडि नै नेपाल-भारत परियोजना अनुगमन संयन्त्रको बैठक, भारतीय परराष्ट्र सचिवको नेपाल भ्रमण, उर्जा र वाणिज्य सचिवस्तरीय संयन्त्रहरुका बैठकहरु सम्पन्न भइसकेका छन् । संयुक्त आयोग द्विपक्षीय सम्बन्धका सबै आयामहरुका बारेमा छलफल गरिने सबैभन्दा उच्च संयन्त्र हो ।
सन् १९५० को सन्धिको पुनरावलोकन, प्रबद्ध समूहले तयार पारेको प्रतिवेदन, बाँकी Segments मा सीमा सम्बन्धी कार्यहरु टुंगाउने लगायतका विषयमा गहन छलफल भई सकारात्मक निष्कर्ष निकाल्ने काम भएको छ ।
बैठकमा नेपाल-भारतबीच सञ्चालित विकास आयोजनाहरु शीघ्र र प्रभावकारी रुपमा सम्पन्न गर्ने बारे छलफल भएको छ । विकास, निर्माण र समृद्धि हासिल गर्ने हाम्रो निरन्तरको प्रयासमा त्यसको सकारात्मक प्रभाव देखिने छ भन्ने मैले अपेक्षा गरेको छु ।
बैठकका निर्णयहरुका सम्बन्धमा संक्षेपमा यहाँ उल्लेख गर्न चाहन्छु:



परराष्ट्रमन्त्री प्रदीप कुमार ज्ञवाली

- छलफलको महत्वपूर्ण विषयका रुपमा रहेको कोभिड भ्याक्सिनको तत्कालको टड्कारो आवश्यकता पूर्ति गर्ने बारेमा भारतसँग छलफल भएको छ । भ्याक्सिन सहयोगमा नेपाल प्राथमिकतामा रहने कुरा भारतले स्पष्ट गरेको छ ।
- कोभिडका कारण बन्द हवाई तथा स्थल मार्गहरु अनुकूलता हेरी क्रमशः खोल्दै जाने निर्णय भएको छ ।
- तराई (हुलाकी) सडक अन्तर्गतका १४ खण्ड मध्ये सम्पन्न ११ वटा खण्डहरु हस्तान्तरणको प्रकृयामा पुगेका छन् । तीनको हस्तान्तरणको प्रकृया अगाडि बढाउने तथा बाँकी तीनवटा खण्ड शीघ्र सम्पन्न गर्ने विषयमा कुराकानी भएको छ ।
- रक्सौल-काठमाडौं रेल निर्माण सम्बन्धमा Field Location Survey-FLS का लागि MoU अन्तिम चरणमा पुगेको छ । सो कार्य शीघ्र शुरु गर्ने दिशामा सहमति भएको छ ।
- रेल सञ्चालन सम्बन्धी SOP लाई अन्तिम रुप दिई जयनगरदेखि कुर्थासम्म रेल सञ्चालन शुरु हुने चरणमा पुगेको छ । उक्त रेललाइन बर्दिवाससम्म निर्माण गर्न आवश्यक सबै कार्य गर्ने कुरा भएको छ ।
- भैरहवामा एकीकृत चेकपोष्टको काम शीघ्र शुरु गर्ने विषयमा कुराकानी भएको छ ।
- महाकालीमा निर्माणाधीन चार लेनको सडक/पुललाई भारतको राष्ट्रिय सडक सञ्जालमा जोड्न भारत सहमत भएको छ । यसबाट नेपालको सुदूरपश्चिम क्षेत्र र भारतको उत्तराखण्डबीचको सडक सञ्जाल मजबुत हुने छ ।
- भारत सरकारले भूकम्पपछिको पुनर्निर्माणका लागि प्रदान गरेको अनुदान तथा ऋणको उपयोग गर्ने तथा त्यस अन्तर्गतका परियोजनालाई अन्तिम रुप दिने विषयमा छलफल भएको छ ।
- नेपाल भारतबीचका पारवहन र रेल सम्बन्धी सन्धी सम्झौताहरु पुनरावलोकनको प्रकृया छिटो सम्पन्न गर्ने र वाणिज्य सन्धीको पुनरावलोकनका लागि आवश्यक प्रकृया अगाडि बढाउने विषयमा सहमति भएको छ ।
- व्यापार प्रवर्द्धन गर्ने, यस क्षेत्रका अवरोधहरु हटाउन सहयोग गर्ने र नेपालको निर्यात बढाउने ठोस उपाय अवलम्वन गर्न नेपाली पक्षले भारत सरकारलाई अनुरोध गरेको छ ।
- जलमार्गको निर्माण तथा विस्तार र सीमापार आर्थिक क्षेत्रहरु (CBEZ) निर्माण सम्बन्धी विषयहरुमा पनि छलफल भएको छ ।
- सन् २०१४ मा हस्ताक्षर भएको उर्जा व्यापार सम्झौतामा विद्यमान खुला विद्युत व्यापारको व्यवस्था अनुरुप भारतले Procedure for Cross-Border Power Trade शीघ्र जारी गर्ने र Energy Banking को व्यवस्थालाई भारत सरकारले सीमापार प्रसारण नियम र निर्देशिकामा समावेश गर्ने नेपालको अनुरोध सम्बन्धमा छलफल भएको छ ।
- ढल्केबर-मुजफ्फरपुर उच्चभोल्टको ट्रान्समिसन लाइनको निर्माण पछि भैरहवा-गोरखपुर उच्चभोल्टको ट्रान्समिसन लाइन लगायतका अन्य सीमापार ट्रान्समिसन लाइनको निर्माण प्राथमिकतामा राख्ने सहमति भएको छ ।
- पञ्चेश्वर बहुद्देश्यीय परियाजनाको विस्तृत परियोजना प्रतिवेन तयार गर्न दुबै पक्ष सहमत भएका छन् ।
- महाकाली सन्धिको प्रावधान अनुसार नेपालले पाउनुपर्ने पानीको लागि टनकपुर बाँधमा हेड रेगुलेटर र लिंक क्यानलको काम अगाडि बढाउन सम्बन्धित अधिकारीलाई निर्देशन गरिएको छ ।
- महाकाली नदीमा सिरसा, झुलाघाट र दार्चुलामा गरी तीनठाउँमा मोटर आवत जावत गर्न सक्ने पुल निर्माणका विषयमा पनि कुराकानी भएको छ ।
- भारतीय भूमिमा निर्मित सडक र पूर्वाधारका कारण नेपालको सीमा क्षेत्रका गाउँ तथा शहरहरुमा हुने डुवानको समस्या समाधान गर्नका लागि विगतका प्रयासहरु कार्यान्वयन गर्ने बारेमा छलफल भएको छ ।
- कृषि क्षेत्रमा थप सहकार्य गर्ने र G2G basis मा मल खरीद गर्ने विषयको MoU लाई गति दिने सहमति भएको छ ।

संयुक्त आयोगको बैठक मैत्रीपूर्ण तथा हार्दिक वातावरणमा सम्पन्न भएको थियो । संयुक्त आयोगको सातौं बैठक दुबै पक्षलाई अनुकुल हुने समयमा नेपालमा आयोजना हुनेछ ।
सन् १९८७ मा गठन भएको संयुक्त आयोग नेपाल-भारत द्विपक्षीय सम्बन्धका सम्पूर्ण विषयहरु समीक्षा गर्ने परराष्ट्र मन्त्रीस्तरीय संरचना हो । यस अघिको पाचौं संयुक्त आयोगको बैठक २०१९ मा नेपालमा सम्पन्न भएको थियो ।
यस भ्रमणका क्रममा भारतका रक्षा मन्त्री श्री राजनाथ सिंहसँग मेरो शिष्टाचार भेटघाट भयो । सो अवसरमा नेपाल र भारतबीचका विविध विषयहरु लगायत अन्य समसामयिक विषयमा विचारको आदान प्रदान भयो ।
नयाँ दिल्लीमा रहँदा मैले Indian Council of World Affairs मा प्रवचन दिएको छु । सो अवसरमा मैले नेपाल भारत सम्बन्धका राजनीतिक, आर्थिक, साँस्कृतिक, ऐतिहासिक लगायतका समग्र पक्षहरुको चर्चा गर्दै नेपाल-भारत सम्बन्धलाई आगामी दिनमा कसरी थप मजबुत बनाउने र विकास एवं समुन्नतिको हाम्रो यात्रालाई कसरी सफल बनाउने भन्ने विषयमा धारणा राखेको छु ।
त्यसैगरी नेपाली राजदूतावास, नयाँ दिल्लीले आयोजना गरेको दिल्लीस्थित पत्रकार मित्रहरुसँगको एक अन्तर्क्रिया कार्यक्रममा सहभागी भएँ । यस अघि भारतका लागि नेपाली राजदूतले नेपाली प्रतिनिधिमण्डलको स्वागतमा आयोजना गर्नुभएको रात्रिभोजमा सहभागी भएँ ।
यस भ्रमणबाट नेपाल र भारतका बीच रहँदै आएको घनिष्ठ, मैत्रीपूर्ण एवं वहुआयामिक सम्बन्धलाई थप मजबुत बनाउने दिशामा योगदान पुगेको मेरो विश्वास छ । आगामी दिनमा थप द्विपक्षीय भ्रमणहरु तथा भेटघाटहरु हुने र दुई देश बीचको सम्बन्धलाई थप सुदृढ हुनेमा म विश्वस्त छु ।
धन्यवाद ।
(भारत भ्रमणबाट फर्केका परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीद्वारा जारी प्रेस नोट)
*मिति : २०७७ माघ ३ गते*

# नवलपरासी केरा उत्पादक संघमा लख्खु यादव पुन: अध्यक्ष

नवलपरासी । नवलपरासी केरा उत्पादक संघको चौथो साधारणसभा तथा तेस्रो अधिवेशन शनिवार मर्चहवामा सम्पन्न भएको छ ।
सुस्ता गाउँपालिका अध्यक्ष रामप्रसाद पाण्डेको प्रमुख आतिथ्यता र नवलपरासी केरा उत्पादक संघका अध्यक्ष लख्खु प्रसाद यादवको अध्यक्षतामा सम्पन्न भएको हो । साधारणसभामा बोल्दै अध्यक्ष पाण्डेले कृषकका समस्या समाधान गर्न गाउँपालिका अग्रसर रहेको बताउनुभएको छ । किसानका लागि आवश्यक केरा बिमाका लागि पन्ध्र लाख बजेट विनियोज सुस्ता गाउँपालिकाले गरेको समेत जानकारी दिए ।
त्यस्तै सुस्ता गाउँपालिका वडा नं ४ नर्सहीमा दुई करोड बजेट बराबरको पाच हजार मेट्रीक टन क्षमता भएको चिस्यान केन्द्र निर्माणकार्य भइरहेको तथा एक बर्ष भित्र सुचारू हुने बताएका थिए ।
कार्यक्रममा नवलपरासी केरा उत्पादक संघका अध्यक्ष लख्खु यादवले वार्षिक प्रगती प्रतिवेदन प्रस्तुत गर्दै सुस्ता र प्रतापपुर गाउँपालिकामा तीन हजार भन्दा बढि घरपरिवार किसानहरुले केराखेती गरिरहेको बताए । अध्यक्ष यादवले किसानहरुलाई सरकारले समयमा खाद्य माल बिउविजन उपलब्ध गराउन नसक्दा झन मकार्ममा परिरहेको बताए ।
कोषाध्यक्ष हरि गोविन्द कोईरीले संस्थाको आय ब्याय सहितको आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । साधारणसभामा उत्कृष्ट केरा किसान, केरा ब्यबसायीसँगै विभिन्न संघ संस्थाका प्रतिनिधिहरुलाई सम्मान समेत गरिएको थियो ।
साधारणसभामा पिएम परियोजनाका रामप्रसाद पाण्डे,प्रतापपुर गापा वडा नं ८ का वडा अध्यक्ष कादिर अलि अन्सारी, सुस्ता ३ का वडा अध्यक्ष राजकुमार महत्तो, नन्दलाल गुप्ता , बेचन कोइरी लगायतका अतिथिहरुले शुभकामना मन्तब्य ब्यक्त गर्नु भएको थियो भने स्वागत मन्तव्य वरिष्ठ उपाध्यक्ष सुदामा कोइरी र कार्यक्रम संचालन हिरालाल दुषादले गरेका थिए । साधारणसभाको कार्यक्रम समापन पछि बन्द सत्रमा लख्खु प्रसाद यादव अध्यक्षमा पुनः निर्विरोध चयन भएका छन् । उनको नेतृत्वमा ११ सदस्यीय मुल कार्यसमिति निर्विरोध चयन हो । जसको वरिष्ठ उपाध्यक्षमा सुदामा कोइरी, उपाध्यक्षमा सरोज यादव , महासचिवमा मदन कोइरी , सचिव बेचन कोइरी , कोषाध्यक्ष हरि गोविन्द कोइरी, सदस्य चन्द्रकला कोइरी , धिरेन्द्र गुप्ता , संजय कोहार , मोतीलाल कोइरी र उत्रिचन्द भर रहेका छन् ।

## मधेश अपडेट

### डा.सीके राउत निर्वाचनको पक्षमा



सिरहा । जनमत पार्टीका अध्यक्ष डा.सीके राउतले निष्पक्ष निर्वाचन गराउन सरकार र निर्वाचन आयोगलाई आग्रह गरेका छन् । सोमबार सिरहाको लहानमा जनमत पार्टीले आयोजना गरेको बलिदानी दिवस कार्यक्रमलाई सम्बोधन गर्दै डा.राउतले यस्तो आग्रह गरेका हुन् । सरकारले घोषणा गरेको निर्वाचनका लागि जनमत पार्टी तयार रहेको भन्दै निर्वाचनको तयारीमा जुट्न डा.राउतले निर्देशनसमेत दिएका छन् । संसद विघटनविरुद्ध अहिले सर्वोच्च अदालतमा मुद्दा विचाराधिन रहेकोले सर्वोच्चको निर्णयलाई आफूहरु पर्खेको बताउँदै जहिले पनि निर्वाचन हुँदा आफूहरु सशक्तरुपमा प्रस्तुत हुने बताएका छन् । ‘निर्वाचन ३ महिना, ६ महिना, एक वर्ष, डेढ वर्ष जहिले भएपनि अब सबैले लाउडस्पिकर छापमा मोहर लगाएर जनता राज कायम गराउनुपर्छ,’ उनले भने, ‘सरकारले निष्पक्ष निर्वाचन गराउने कुरा गर्नुपर्छ ।’ निर्वाचन निष्पक्ष हुनुपर्ने माग गर्दै आफूहरु निर्वाचनका लागि तयारी गर्न घरदैलो जाने, जनतालाई बुझाउने र जनता राज ल्याउने दाबी गरेका छन् । जनता राजमा घर-घरमा रोजगारी दिने, शिक्षा, स्वास्थ्यको प्रबन्ध मिलाइने र समाजवाद लागू गर्ने डा.राउतले बताए ।



### हाम्रो संघर्ष जारी रहन्छ : झा

कपिलवस्तु । जनता समाजवादी पार्टी नेपालका केन्द्रीय कार्यकारिणी समितिका सदस्य केशव झाले सरकारद्वारा चालिएको असंवैधानिक, अलोकतान्त्रिक र प्रतिगामी कदमको विरुद्धमा संघर्ष जारी नै रहने बताएका छन् । उनले सरकार थप अन्य कुनै गलत कदम नउठाओस् भन्नका लागि खबरदारी स्वरुप संघर्ष जारी रहने बताएका हुन् । शनिबार तौलिहवामा आयोजित जनप्रदर्शन तथा विरोधसभामा सम्बोधन गर्दै नेता झाले सर्वोच्च अदालत अहिले एक मात्र आशा र भरोसाको केन्द्र रहेको बताउँदै सर्वोच्चमाथि लोकतन्त्र जोगाउने कार्यभार आएको जिकिर गरे । ‘सर्वोच्चले संविधानको मर्म अनुरुप नै संसद पुनःस्थापनको मुद्दामा फैसला गर्नेछ भन्ने हाम्रो विश्वास हो,’ उनले भने । प्रधानमन्त्री संघीयता र गणतन्त्र समाप्त पार्ने खेलमा अग्रसर रहेको आरोप लगाउँदै यसलाई किमार्थ पनि आफूहरु स्वीकार गर्न नसक्ने बताए । कोरोनाको महामारीको बेला खोपको जोहो गर्न छोडेर राजनीतिक अस्थिरता कायम गर्न खोज्नु भनेको प्रधानमन्त्रीको गैरजिम्मेवारीपनको पराकाष्ठा रहेको उनले बताए । उनले मुलुकमा बढेको भ्रष्टाचारी, कालोबजारी, महँगी, कुशासनको सम्पूर्ण नैतिक जिम्मेवारी प्रधानमन्त्रीले लिनुपर्ने धारणा राखे ।

### अन्तिम विद्रोहको तयारी : लक्ष्मण थारू

धनगढी । कैलालीको टीकापुर घटनामा दोषी ठहर गर्दै उच्च अदालतले जन्मकैदको फैसला सुनाएका लक्ष्मण थारुले न्यायका लागि थारूहरू अन्तिम विद्रोहको तयारीमा रहेको बताएका छन् । उच्च अदालतको फैसलापछि फरार रहेका थारुले पत्रकार सम्मेलनमार्फत् विद्रोहमा जाने तयारी गरेको बताएका हुन् । उनले भने, ‘हामी विभिन्न पक्षहरुसँग मिलेर दुई किसिमको विद्रोहमा जाने तयारीमा छौं ।’ उनले कानूनी अधिकार प्रयोग गर्दै उच्च अदालतको फैसलाविरुद्ध सर्वोच्च अदालतमा जाने र सडकमार्फत् पनि विद्रोह गर्ने बताए । थारुले प्रधानमन्त्री केपी शर्मा ओलीले बालुवाटारबाट फैसला लेखेर उच्च अदालत पठाईएको बताउँदै उनले भने, ‘न्याय र अधिकारका लागि भएको आन्दोलनलाई राजनीतिकरुपमा सम्बोधन गरिनुपर्छ ।’ उनले ओलीले संसद विघटन गरेर बेईमानी गरेको आरोपसमेत लगाए । उनले सर्तसहित सरकारसँग वार्तासमेत नगर्ने बताएका छन् । जिल्ला अदालत कैलालीको आदेशपछि ३ वर्ष कैद भुक्तान गरेर रिहा भएका थारु उच्च अदालतले जन्मकैदको फैसला सुनाएपछि फरार छन् ।

### संघीय सरकारलाई प्रदेश २ कानूनमन्त्रीको आग्रह

जनकपुरधाम । संघीय सरकारलाई संविधान र कानूनअनुसार अघि बढ्न प्रदेश २ का आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्र कुमार यादवले आग्रह गरेका छन् । मन्त्री यादवले प्रधानमन्त्री केपी शर्मा ओलीले संसद विघटन गरेर मूलुकलाई गम्भीर दुर्घटनातर्फ धकेलेको आरोपसमेत लगाएका छन् । आइतबार धनुषाको गणेशमान चारनाथ नगरपालिकाले स्थापना गरेको न्यायिक समितिको ईजलाश कक्षको उदघाटन गर्दै उनले सो कुरा बताएका हुन् । उनले ओली अलोकतान्त्रिक ढङ्गले संविधान माथि हावी भएर मूलुक र जनतालाई पीडा दिएको बताएका छन् । सङ्घियतालाई मजबुती गर्नुको साटो झन बल्झाउने र कमजोर पार्ने गरि प्रधानमन्त्री ओलीको मोनोपोलीको कारण जनताको जनजिविकालाई सहज र सर्वसुलभ पहुँच तथा सबैले सदुपयोग गर्नुपर्नेमा जनताको ढाड भाच्ने गरि करोडौंको दुरुपयोग गर्ने गरि कार्य गर्नु निन्दनीय विषय रहेको उनले बताए ।

### पर्साका पत्रकार खतिवडा सम्मानित

वीरगञ्ज । नेपाल पत्रकार महासंघ पर्सा शाखाका संस्थापक अध्यक्ष शंकर खतिवडालाई वीरगञ्जमा सम्मान गरिएको छ । स्व. विजय प्रकाश विन स्मृति पत्रकारिता पुरस्कारबाट उनी सम्मानित भएका हुन् । स्व. बिन्दु देवी पाण्डे स्मृति प्रतिष्ठानले स्व. पत्रकार विजय प्रकाश विनको नाममा पुरस्कार स्थापना गरेको थियो । प्रतिष्ठानको तर्फबाट वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख विजयकुमार सरावगीले खतिवडालाई नगद ११ हजार १ सय १ रुपैयाँ, सम्मान पत्रसहित दोसल्ला ओढाएर सम्मान गरेका थिए ।

### होटल तथा पर्यटन व्यवसायीको गुनासो

रुपन्देही । होटल तथा पर्यटन व्यवसायीले सरकारसँग राहत र प्रोत्साहनका कार्यक्रम घोषणा गर्नुपर्ने माग गरेका छन् । पहुँचमा रहेका व्यवसायीले मात्र सरकारले दिने राहत र सेवा सुविधा पाएको तर अरु व्यवसायी सरकारको सुविधाबाट वञ्चित हुनुपरेको होटल तथा पर्यटन व्यवसायीको गुनासो छ । होटल तथा पर्यटन व्यवसायीका समस्या र समाधानका विषयमा बुटवलमा मङ्गलबार आयोजित छलफल कार्यक्रममा होटल तथा पर्यटन व्यवसायीले घर बहाल र बैंकको ब्याजसमेत तिर्न नसक्ने अवस्था आएको गुनासो गरेका थिए ।

### हवाई उडान रद्द

नेपालगञ्ज । बाक्लो हुस्सु र कुहिरोका कारण बुधबार नेपालगञ्ज विमानस्थलबाट हुने सबै हवाई उडान रद्द भएका छन् । बिहानैबाट लागेका हुस्सुका कारण भिजिबिलिटी नपुग्दा यहाँबाट पश्चिम नेपालका पहाडी जिल्ला र संघीय राजधानी काठमाडौंका लागि हुँदै आएका सबै उडान रद्द गरिएको विमानस्थल कार्यालयले जनाएको छ । कर्णाली प्रदेशका जुम्ला, हुम्ला, डोल्पा, र मुगु तथा सुदूरपश्चिमको बाजुरा, बझाङ तथा सङ्घीय राजधानी काठमाडौंका लागि हुने सबै उडान रद्द गरिएको जनाइएको छ । बुधबार बिहानैदेखि तीन सय मिटर मात्र भिजिबिलिटी रहेकोले सबै उडान रद्द गरिएको हो ।

### प्रदेश १ को अधिवेशन स्थगित

विराटनगर । सत्तारुढ दल नेकपाभित्रको विवादले प्रदेश १ को प्रदेशसभा अनिश्चितकालका लागि स्थगित गरिएको छ । प्रदेश प्रमुख सोमनाथ अधिकारीले सातौं अधिवेशन आह्वानका लागि पठाएको पत्र सुनाएर सभामुख प्रदीपकुमार भण्डारीले प्रदेशसभा बैठक अर्को सूचना नहुन्जेलसम्मका लागि स्थगित भएको घोषणा गरेका हुन् । बैठकमा सबै पार्टीका सांसदहरु उपस्थित भए पनि कुनै कारबाही अगाडि बढ्न सकेन । प्रमुख प्रतिपक्षी दल कांग्रेसका प्रमुख सचेतक केदार कार्कीले सत्तारुढ दलका कारण प्ृदेशसभा बैठक अनिश्चतकालका लागि स्थगित हुनु दुर्भाग्यपूर्ण भएको बताए ।

### बाराको दुधौरा नदीमा पुल शिलान्यास

बारा । बाराको जीतपुरसिमरा उपमहानगरपालिकाको जीतपुर-ईनर्वासिरा सडक दुधौरा नदीमा पुल शिलान्यास गरिएको छ । जीतपुरसिमरा-८ रमौली लोसन्डा र वडा नम्बर २० बसडील्वा जोड्ने रमौलीघाटस्थित नदीमा प्रदेश सरकारले पुल निर्माण गर्न लागेको छ। पुलको प्रदेश नम्बर २ को भौतिक पूर्वाधार विकास मन्त्री जितेन्द्र सोनलले शिलान्यास गरेका हुन् । भ्याटसहित १२ करोड ७० लाख ७२ हजार ८ सय ५७ रुपैयाँ १४ पैसा लागतमा १ सय मिटर लामो पुल बनाउनका लागि ठेक्का सम्झौता भएको छ । आगामी २०७६ असोज २८ गते सम्झौता भएको पुलको काम २०७९ बैशाख २ गतेभित्र सक्नुपर्ने सम्झौतामा उल्लेख छ ।

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# प्रदेश २ सरकारले शहीद प्रतिष्ठान स्थापना गर्ने

जनकपुरधाम, ५ माघ । प्रदेश नं. २ को सरकारले मधेश आन्दोलनमा शहादत दिएको शहीदहरुको सम्मान स्वरुप बलिदानी दिवस मनाएको छ ।

जनकपुर उद्योग वाणिज्य संघको सभाकक्षमा आयोजना गरिएको बलिदानी दिवसमा मधेश आन्दोलनको क्रममा प्रदेश २ मा शहादत दिएका ६० जना शहीद परिवारका सदस्यहरुले प्रदेश सरकारले दोसल्ला र २५ हजार नगदसहित सम्मान गरेको छ ।




कार्यक्रमका प्रमुख अतिथि जनता समाजवादी पार्टीका वरिष्ठ नेता राजेन्द्र महतो, नेता अनिल झा, मुख्यमन्त्री मो.लालबाबु राउत गद्दी सहितका प्रदेश सरकार मन्त्रीहरुले शहीद परिवारलाई सम्मान गरेका छन ।

कार्यक्रमलाई सम्बोधन गर्दै वक्ताहरुले शहीदहरुको बलिदानीलाई स्मरण गर्दै उनीहरुको परिवारको भरण पोषणमा कुनै कमी नराख्ने प्रतिबद्धता समेत दोहऱ्याए ।

उनले प्रदेश सरकारले घोषणा गरेको एक शहीद परिवार एक रोजगार कार्यक्रमलाई निरन्तरता दिदै भविष्यमा शहीद परिवारहरुको लागी भरणपोषणको योजना ल्याउने तैयारी भै रहेको जानकारी समेत दिए ।

कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ नेता राजेन्द्र महतोले आन्दोलनताका गरिएको प्रतिबद्धता अनुरुप शहीद परिवारहरुको लागी आवश्यक सहयोगको काम प्रदेश सरकारले जारी राखेकोमा धन्यवाद दिँदै बाँकी रहेको कामहरु समेत समयमै पुरा गर्न प्रदेश सरकारले आग्रह गरेका थिए ।

जसपाका नेता अनिलकुमार झाले मधेश आन्दोलनको कडीका रुपमा रहेका सम्पूर्ण आन्दोलनका शहीद एवं अगुवाहरुलाई स्मरण गर्दै शहीदहरुको बलिदानीलाई आफुहरु बिर्सन नसक्ने बताएका छन् ।

कार्यक्रममा मुख्यमन्त्री लालबाबु राउतले प्रदेश सरकार शहीदहरुको बलिदानी र आन्दोलनका घाइते योद्धाहरुको योगदानलाई उच्च मुल्यांकन गर्दै आएको बताए ।

उनले एक शहीद परिवार एक रोजगार कार्यक्रम अन्तर्गत प्रदेश २ का अधिकांश शहीद परिवारले रोजगारी पाइसकेको र विभिन्न कारणले बाँकी रहन गएको परिवारहरुलाई यथाशीघ्र रोजगारी दिने प्रक्रियामा रहेको बताए ।

त्यसैगरी, उनले आन्दोलनका अशक्त घाइतेहरुलाई प्रदेश सरकारले अवस्था हेरी सहयोग गर्दै आएको र अगामी दिनमा समेत निरन्तरता दिइने प्रतिवद्धता व्यक्त गरे ।

उनले शहीद परिवार एवं घाइतेहरुको दीर्घकालिन व्यवस्थापनका लागी प्रदेश सरकारले मधेशी शहीद प्रतिष्ठान गठन गर्ने क्रममा रहेको र उक्त प्रतिष्ठान गठन पछि दीर्घकालिन व्यवस्थापनको प्रक्रिया अगाडी बढाउने बताए ।

मधेश आन्दोलनका प्रथम शहीद रमेश महतोको आमा रानो देवीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा भौतिक पूर्वाधार विकासमन्त्री जितेन्द्र सोनल, आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्र कुमार यादव, समाजिक विकासमन्त्री नवल किशोर साह, उद्योग पर्यटन वन तथा वातावरणमन्त्री राम नरेश राय, जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख लालकिशोर साह सहितका वक्ताहरुले मन्तव्य राखेका थिए ।

मधेश आन्दोलनका शहीदहरुको सम्मानमा आन्दोलनका नेतृत्वकर्ता दलहरुले मनाउँदै आएको बलिदानी दिवस प्रदेश सरकार गठन भए यता प्रदेश सरकारले मनाउन थालेको छ ।

सरकार गठनको पहिलो वर्ष लहानमा बलिदानी दिवस मनाएको प्रदेश सरकारले दोस्रो वर्ष विरगंजमा मनाएको थियो भने यस वर्ष प्रदेश नं. २ को अस्थायी राजधानी जनकपुरधाममा मनाएको छ । सरकारले माघ ५ गते बलिदानी दिवसको अवसरमा प्रदेशमा सार्वजनिक विदा समेत दिँदै आएको छ ।

# धुर्मुस–सुन्तलीको अभियानका लागि सहयोग जुटाउँदै मुसहर समुदाय

गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला निर्माणमा मुसहर समुदायबाट सहयोग सङ्कलन अभियान शुरु

काठमाडौं, ५ माघ । मुसहरको पीडामा धुर्मुस-सुन्तलीले मलम लगाए, धुर्मुस-सुन्तलीको अभियानमा मुसहरले साथ दिउँ भन्ने नारासहित गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला निर्माणमा मुसहर समुदायबाट सहयोग सङ्कलन अभियान शुरु भएको छ ।



भोर, अनुसन्धानमा आधारित अभियानी तथा परोपकारी संस्थाको पहलमा मुसहर समुदायबाट सहयोग संकलन अभियान शुरु गरिएको छ ।

माघ १ गते विश्वभरका मुसहर समुदायले मनाउने भुईया महराजको पुजा अर्थात अन्तरराष्ट्रिय भुईया दिवसको दिन पारेर मुसहर समुदायका युवाहरुले गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माणमा मुसहर समुदायबाट सहयोग संकलन अभियानको शुभारम्भ गरेको छ ।

उक्त आर्थिक सहयोग संकलन अभियान नेपालमा देशभरि तथा भारत र विदेशमा रहेका मुसहर समुदायका आम जनमानस माझ माघ महिनाभरि संचालन गरिनेछ ।

नेपालमा ३२ जिल्लामा १२ लाख मुसहर समुदायको बसोबास रहेको छ । मोरङ्ग देखि नवलपरासी सम्म १५ जिल्लामा मुसहर समुदायको बाक्लो जनसंख्या रहेको छ ।

माघ महिना भरी आर्थिक सहयोग संकलन अभियान संचालन गरेर फागुन महिनामा चितवनको क्रिकेट रंगशाला निर्माण स्थलमा मुसहर समुदायका युवा र अगुवा सहितको प्रतिनिधि गएर संकलित सहयोग रकम धुर्मुस-सुन्तलीलाई हस्तान्तरण गर्ने योजना रहेको भोरको अध्यक्ष पचुलाल माझी मुसहरले जानए ।

माघ १ गते प्रदेश २ को धनुषाधाम नगरपालिका, मुगराहामा आयोजित दोश्रो अन्तर्राष्ट्रिय भुंईया दिवस स्थलबाट आर्थिक सहयोग संकलन अभियान शुरु गरिएको छ ।

पहिलो दिनको उक्त स्थलबाट उपस्थित मुसहर आम जनसमुदायले ३५०० रुपैया संकलन गरेको छ, भोरको कोषाध्यक्ष उमेश कुमार साहले जानकारी दिए । सिरहा जिल्ला निवासी राम स्वरुप माझीले ५०० रुपैया प्रदान गरी धनुषाधामबाट आर्थिक सहयोग संकलन अभियान शुरु गरेका हुन् ।

अब उक्त आर्थिक सहयोग संकलन अभियान मुसहर समुदायको बसोबास रहेको प्रत्येक बस्तीमा तथा विदेशमा कार्यरत मुसहर समुदाय माझ क्रमशः लगिनेछ, भोरको महासचिव सरोज प्रसाद दुलालले जानए ।

शक्तिहिनको सशक्तिकरणः मुसहर समुदायको समग्र उत्थान अभियानका प्रादेशिक र जिल्ला संयोजकहरु र मुसहर समुदायकै अन्य संघ संस्थाको सहकार्यमा सो आर्थिक सहयोग संकलन अभियान देश भरका प्रत्येक मुसहर बस्तीमा लगिनेछ, रौतहट जिल्लाका अनुप माझीले बताए ।

नेपालमा मात्र होइन, विश्वमै सबै भन्दा गरिब समुदायको रुपमा रहेको मुसहरबाट गौतम बुद्ध अन्तरराष्ट्रिय क्रिकेट रंगशाला निर्माणमा आर्थिक सहयोगको तात्विक र सांकेतिक महत्व रहेको छ ।

चरम गरिबी, रोग, भोक, शोक, अशिक्षा र अभावमा जीवन जिउन बाध्य मुसहर समुदायबाट निकै ठुलो परिमाणमा रकम संकलन नहुन सक्ला तर यसले देश विदेशका सम्पन्न र अन्य समुदाय तथा बृहत सरोकारवालाहरुलाई निकै ठुलो संदेश दिने विश्वास भोरका संस्थापक तथा यस आर्थिक सहयोग संकलन अभियानको पहलकर्ता राज कुमार महतोले बताए ।

गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशला एक नेपाली निर्माधिन बहुउद्देश्यीय रङ्गशाला हो । यो रङ्गशाला धुर्मुस सुन्तली फाउन्डेसनले भरतपुर महानगरपालिका भित्र निर्माण गर्देछ ।

फाउन्डेसनले भरतपुर महानगरपालिकासँगको सहकार्यमा सिलान्यासको दुई वर्षभित्र निर्माण सक्ने गरी २०७५ माघ १६ गते बुधबार अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला निर्माणको घोषणा गरेको थियो ।

धुर्मुस सुन्तली फाउण्डेशनले चितवनको भरतपुर महानगरपालिका वडा नम्बर-१५, रामपुरमा निर्माण गर्न लागेको 'गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला' निर्माण अभियानमा आर्थिक सहयोगको निकै आवश्यकता रहेको छ ।

जनस्तरबाट निर्माण भईरहेको गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला निर्माण नेपाल र नेपालीको गौरवको योजना रहेकोले चरम गरिबीमा रहे तापनि देशका मुसहर समुदायले आफनो योगदान दिन आवश्यक रहेको सर्लाही चन्द्रनगर गांउपालिकाका लथिहन माझीले बताए ।

मुसहर समुदायले सहयोग लिन मात्र होइन, आवश्यकता रहेको पवित्र काममा आफनो क्षमता अनुसारको सहयोग दिन पनि जानेकोछ मुसहर समुदायले, यस आर्थिक सहयोग संकलन अभियानले सकारात्मक संदेश दिनेछ, सर्लाही पोखरीयाका श्याम माझीले आफनो भावना व्यक्त गरे ।

## कृषि मिटरको विद्युत् महसुल गाउँपालिकाले तिर्ने

सिरहा । सिँचाइ र मलखादको अभाव झेल्दै आएका किसानको कृषि मिटरको विद्युत् महसुल सिरहाको सखुवानन्कारकट्टी गाउँपालिकाले तिर्ने निर्णय गरेको छ ।
गाउँपालिकाको सम्पन्न आठौं गाउँसभाले सिँचाइ, मलखाद र बीउबिजनलगायतका समस्याका कारण मारमा परेका किसानले सिँचाइका लागि जडान गरेको कृषि मिटरको विद्युत् महसुल गाउँपालिकाले तिर्ने निर्णय गरेको हो ।
कृषि क्षेत्रको विकास गर्दै कृषिमा आत्मनिर्भर बनाउन आगामी २०७८ वैशाखदेखि कृषि मिटरको महसुल गाउँपालिकाले नै तिरिदिने निर्णय गरेको गाउँपालिकाका अध्यक्ष केदारनाथ यादवले जानकारी दिए ।
कृषि विद्युतीकरणमा गाउँपालिकाले ८० प्रतिशत काम पूरा गरिसकेको र बाँकी २० प्रतिशत काम छिट्टै सम्पन्न गर्ने अध्यक्ष यादवले बताए । शिक्षाको स्तरोन्नतिको निम्ति विभिन्न खालको प्रयोगात्मक परीक्षाको व्यवस्था गरिने र स्वास्थ क्षेत्रलाई मजबुत पार्न कोरोना अस्पताल तथा स्वास्थ्यचौकी सञ्चालन गर्ने निर्णय भएको अध्यक्ष यादवले बताए ।

## संसद विघटनविरुद्धमा विरोध

रौतहट । प्रधानमन्त्री केपि ओलीले संसद विघटन गरेकोमा रौतहटको १८ पालिकामा नेपाली कांग्रेस पार्टीका नगर कार्यसमितिले छुट्टाछुट्टै विरोध कार्यक्रमहरु गरेको छ । नेपाली कांग्रेसको केन्द्रीय कार्यक्रम घोषणा अनुसार रौतहटका सबै पालिकामा सरकारका मुखिया विरुद्धमा नारावाजीसहित चर्चो विरोध गरिएको छ । रौतहट निर्वाचन क्षेत्र नम्बर २ अन्तर्गत पर्ने परोहा नगरपालिका स्थिति पोखरीया टोलमा नेपाली काङ्गेस परोहा नगर कार्यसमितिद्वारा अधिनायकवाद कदम चालेको केपि ओलिको विरुद्धमा विरोध रैली तथा विरोध सभा गरिएको थियो । नेपाल तरुण दल रौतहटको पूर्व सभापति एवम् परोहा नगरपालिकाको मेयर शेख वकिलले सम्बोधन गर्दै भने देशलाई नेपाली काङ्गेस पार्टीले पहिला पनि संकटबाट बचाएको थियो आज पनि त्यस्तो भुमिका खेल्न कुनै कदम बाकी रहेको उनले बताए। वर्तमान अवस्था प्रधानमन्त्री केपि ओलिले भ्रष्टाचार र बलात्कारीको बढावा दिएको जिकिर उनले गरे।२००७ साल २०१५,२०३५ अथवा २०६२(६३ होस या संविधान निर्माण आदि जस्ता ईतिहासिक कार्य नेपाली काङ्गेसले नै गरेको दावी गरे ।

## संक्षिप्त समाचार

### गरुडाका सबै सामुदायिक विद्यालय बन्द

रौतहट । लगातारको शीतलहरका कारण रौतहटको गरुडा नगरपालिकाका सबै सामुदायिक विद्यालय बन्द गर्ने भएको छ । आइतबार नगरपालिकाले एक सूचना जारी गर्दै बिद्यालय बन्द गर्ने निर्णय गरेको छ । एक सातादेखिको लगातार हुस्सु र शीतलहरले तराईको जनजीवन कष्टकर बन्दै गएपछी नगरपालिकाले यस्तो निर्णय गरेको हो । नगरपालिकाको सुचनामा अत्याधिक चिसो बढेको कारण कोभिड-१९ को महामारिले बालबालिकामा झन जोखिम हुने हुँदा आइतबार देखि मंगरवारसम्म विद्यालय बन्द गर्ने जनाएको छ । पाँच गतेपर्ने मधेशी सहिद दिवसलाई समेत मध्येनजर राख्दै नगरपालिकाले उक्त निर्णय जारी गरेको हो । बढ्दो चिसोका कारण सरकारी कार्यालयहरुमा सेवाग्राहीको संख्या न्युन देखिएको छ, भने बजारमा चहलपहल घटेको छ ।

### विपन्न परिवारलाई कम्बल हस्तान्तरण

बारा । नेपाली सेनाले बाराको जीतपुर(सिमरा उपमहानगरपालिका १८ र १९ बडरहवाका बिपन्न मुसहर, पासवान तथा माझी समुदाय तथा श्री बालबालिका प्राथमिक विद्यालयका विद्यार्थीहरुलाई कम्बल वितरण गरेको छ । विपन्न समुदायका व्यक्तिहरुलाई सम्भावित शितलहरबाट जोगाउन नेपाली सेनाले कम्बल वितरण गरिएको जनाएको छ । नागरिक र सेनाबीचको सम्बन्ध अभिवृद्धि गर्ने उद्देश्यले श्री चन्दननाथ गणको सहकार्यमा श्री नं.२८ बाहिनी अड्डाका बाहिनीपति सहायक रथी जोन्सन खड्काले १५० कम्वल हस्तान्तरण गरेका थिए । राहत वितरण कार्यक्रममा स्थानीय निकायका प्रतिनिधिहरु, समाजसेवी, पत्रकारहरु र शिक्षकहरुको उपस्थिति रहेको सेनाले जनाएको छ ।

### ब्राउनसुगरसहित ३ जना पक्राउ

बाँके । नेपालगंज उपमहानगरपालिका-४ बाईपास रोडबाट करिब २५ ग्राम अवैध लागूऔषध ब्राउनसुगर सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । शुक्रबार राति पक्राउ पर्नेहरुमा बाँके नेपालगञ्ज उपमहानगरपालिका-११ बस्ने २४ वर्षीय नसरुद्धिन राई, सोही ठाउँ बस्ने २५ वर्षीय मेराज कपडिया र भारत रुपैडिहा घर भएका १८ वर्षीय किशोर रहेका छन् । जिल्ला प्रहरी कार्यालय बाँके र लागूऔषध नियन्त्रण ब्यूरो नेपालगंजबाट संयुक्त रुपमा खटिएको प्रहरीले उनीहरुलाई उक्त ब्राउनसुगर सहित पक्राउ गरेको हो ।

### जबरजस्ती करणी गर्ने पक्राउ

कैलाली । २७ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा एक जनालाई प्रहरीले पक्राउ गरेको छ । गौरीगंगा नगरपालिका-२ उदासी टोल बस्ने ३० वर्षीय कमल नेपालीलाई शनिबार राति प्रहरीले पक्राउ गरेको छ । ती महिलालाई घर पछाडि खेतमा बोलाई जबरजस्ती करणी गरेको भन्ने जानकारी प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय चौमालाबाट खटिएको प्रहरीले कमललाई पक्राउ गरेको हो ।

### अटो पल्टिँदा एकको मृत्यु

रुपन्देही । सैनामैना नगरपालिका-११ शितलापुरडाँडास्थित सडकमा लु.१ह १५१० नम्बरको अटो पल्टिँदा एक जनाको मृत्यु भएको छ । आइतबार बिहान दुर्घटना हुँदा अटोमा सवार सोही नगरपालिका जर्लैया बस्ने ३२ वर्षीय सुरेश शाहीको मृत्यु भएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार दुर्घटनामा गम्भीर घाइते सुरेशको उपचारको लागि लुम्बिनी प्रादेशिक अस्पताल बुटवलतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो । अटो चालकलाई प्रहरीले नियन्त्रणमा लिएर यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

### भरुवा बन्दुकसहित दुई जना पक्राउ

कैलाली । जिल्लाको गौरीगंगा नगरपालिका ३ स्थित कुचैनी जंगलबाट एपीएफ टोलीले दुई नाल भरुवा बन्दुकसहित दुई जनालाई पक्राउ गरेको छ । सोमबार पक्राउ पर्नेहरुमा सोही ठाउँ बस्ने ४० वर्षिय मंग्रु चौधरी र ६० वर्षिय कालीबहादुर सुनार छन् । उक्त जंगलमा शिकार खेलीरहेको अवस्थामा उनीहरुलाई सशस्त्र प्रहरी बल, नेपाल नम्बर ४३ गण कैलालीबाट गस्तीमा खटिएको एपीएफ टोलीले उक्त भरुवा बन्दुकसहित पक्राउ गरेको हो । त्यसवेला एपीएफ टोलीले उनीहरुको साथबाट २२ वटा सिसाको गोली, बारुद जस्तो देखिने पदार्थ २ बट्टा, चक्कु १ वटा, स्क्रुड्राईभर १ वटा, ईम्प्रोभाईज केप १८ वटा र १ वटा मोवाईल सेट समेत बरामद गरेको छ । पक्राउ परेकाहरुलाई बरामद भरुवा बन्दुक तथा उल्लेखित सामानसहित आवश्यक कारवाहीको लागि ईलाका प्रहरी कार्यालय चौमालामा बुझाईएको छ ।

### सीमा क्षेत्रमा अस्थायी प्रहरी बिट स्थापना

झापा । सीमा क्षेत्रमा हुने अपराध न्यूनीकरणका लागि भद्रपुर नगरपालिका-५ स्थित नेपाल-भारत सिमानाका नजिक मेची पुल पारी अस्थायी प्रहरी बिट स्थापना गरिएको छ । उक्त बिटको भद्रपुर नगरपालिका प्रमुख जिवन कुमार श्रेष्ठले सोमबार आयोजित एक कार्यक्रमबीच उद्घाटन गरेका छन् । गत जेठ २४ गतेबाट निर्माण कार्य शुरु भएको उक्त बिट जम्मा १६ लाख ८० हजार ६ सय ५८ रुपैयाँको लागतमा निर्माण कार्य सम्पन्न भएको हो । सीमा क्षेत्रमा हुने आपराधिक गतिविधिहरुको रोकथाम गरी नागरिकलाई शान्ती सुरक्षाको प्रत्याभूति दिलाउने उद्देश्यले वडा प्रहरी कार्यालय भद्रपुर र सामुदायिक प्रहरी सेवा केन्द्र भद्रपुरको बिशेष पहल तथा भद्रपुर नगरपालिकाको सहयोगमा उक्त प्रहरी बिट निर्माण गरिएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

### ब्राउनसुगरसहित दुई जना पक्राउ

मोरङ । रतुवामाई नगरपालिका-४ आमबारीबाट १ सय २६ ग्राम १४ मिलीग्राम अवैध लागूऔषध ब्राउन सुगर जस्तो देखिने पदार्थ सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही नगरपालिका-२ झुर्किया बस्ने ४२ वर्षीय मोहम्मद रफिक मिया र भारत अररिया कुचहा धाता बस्ने २२ वर्षीय मोहम्मद नवाब आलम रहेका छन् । लागूऔषध नियन्त्रण कार्यालय बिराटनगर र ईलाका प्रहरी कार्यालय सिजुवाबाट खटिएको प्रहरी टोलीले बिआर ३७ यू ५८२३ नम्बरको मोटरसाइकललाई जाँच गर्नेक्रममा मोटरसाइकलमा सवार उनीहरूलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

### सिमरदहीमा कोभिड अस्पताल उद्घाटन

महोत्तरी । महोत्तरी जिल्लाको मटिहानी नगरपालिका वडा नं. ९ सिमरदहीमा कोभिड अस्पतालको स्थापना गरिएको छ । नेपाल सरकार तथा मटिहानी नगरपालिकाको सहयोगमा सिमरदही स्थित स्वास्थ्य चौकीमा ५ (पाँच) शैयाको सो अस्पताल स्थापना गरिएको कुरा मटिहानी नगरपालिकाले जनाएको छ । यसैबीच सो कोभिड अस्पतालको एक समारोहबीच मटिहानी नगरपालिका प्रमुख हरि प्रसाद मण्डलले विधिवत् उद्घाटन गरेका छन् । वडा नं. ९ का वडा अध्यक्ष आविद हुसैनको सभापतित्वमा सम्पन कार्यक्रममा पवन मण्डल, नागेश्वर पाण्डेय, दिनेश यादव लगायतका वक्ताहरुले कोभिड वारे प्रकाश पारेका थिए ।

### श्रोत नखुलेको रुपैयाँसहित दुई जना पक्राउ

रौतहट । रौतहट जिल्लाको राजदेवी नगरपालिका ८ लक्ष्मीपुर स्थित सीमा ईलाकाबाट एपीएफ टोलीले श्रोत नखुलेको दुई लाख रुपैयाँसहित दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा भारतको शिवहर ग्रामपंचायत ९ घर बताउने ३१ वर्षिय असरथ मन्सुरी र ३० वर्षिय ओसी मोहमद छन् । बीआर ३० वाई ५४३७ नम्बरको भारतीय मोटरसाईकलमा सवार उनीहरुलाई सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट बेलविछुवाबाट खटिएको एपीएफ टोलीले शंका लागि जाँच गर्दा उनीहरुको साथमा उल्लेखित रुपैयाँ फेला परेको हो । उनीहरुले उक्त रुपैयाँको श्रोत खुलाउन नसकेपछि दुवै जनालाई पक्राउ गरिएको हो । एपीएफ टोलीले त्यसवेला उनीहरुले प्रयोग गरेको उक्त मोटरसाईकल समेत बरामद गरेको छ । पक्राउ परेकाहरुलाई बरामद रुपैयाँ तथा मोटरसाईकलसहित आवश्यक कारवाहीको लागि भन्सार कार्यालय गौरमा बुझाईएको छ ।

# 'सीमा विवाद राजनीतिक तहबाट समाधान हुनुपर्ने'

काठमाडौं, २ माघ । नेपाल-भारत संयुक्त आयोगको छैठौं बैठक नयाँदिल्लीमा शुक्रबार सम्पन्न भएको छ ।

नेपालका परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली र भारतीय विदेशमन्त्री एस जयशंकरले संयुक्त रुपमा अध्यक्षता गरेको आयोगको बैठक बसेको हो ।

बैठकमा व्यापार, पारवहन, ऊर्जा, सीमा विवाद, कोरोना रोकथाम तथा नियन्त्रणका लागि सहयोग, भौतिक पूर्वाधार, लगानी, कृषि, पर्यटनसहित नेपाल-भारत सम्बन्धका सबै विषयमा छलफल भएको छ ।

त्यसैगरी बैठकमा दुई देशबीचका दुई दर्जनभन्दा बढी संयन्त्रहरुमा हालसम्म भएका सहमति र नसुल्झेका विषयमा समेत समीक्षा भएको छ ।

परराष्ट्रमन्त्रीस्तरीय बैठकमा सीमा समस्या समाधान, पञ्चेश्वर परियोजना, इपिजीको प्रतिवेदन, कोरोना खोपलगायतका विषयमा छलफल भएको नेपाली अधिकारीले जानकारी दिए ।

ती अधिकारीकाअनुसार नेपालले सीमाका बाँकी समस्याको समाधान गर्नुपर्ने विषय बैठकमा उठाएकोछ । त्यसको प्रत्युतरमा भारतले राजनीतिक तहबाट सीमा विवादको समाधान खोज्नु पर्ने जवाफ दिएको छ ।

बैठकमा दुवै देशका परराष्ट्र, वाणिज्य, अर्थ र ऊर्जालगायत क्षेत्रका उच्च अधिकारीको सहभागीता रहेको थियो ।

भारतका लागि नेपालका राजदूत निलाम्बर आचार्यले सीमालगायत विषयमा कुराकानी भएको जानकारी दिए । उनले भने,'सीमा, ऊर्जा, खोपलगायतका विषयमा कुराकानी भएको छ ।'

सीमा समस्या समाधानबारे नेपालले कुरा उठाएको आचार्यले स्पष्ट पारे । समस्या समाधान हुनुपर्छ भन्ने नेपालको प्रस्तावमा भारतले बाँकी समस्याको समाधान प्राविधिक तहबाट नभई राजनीतिक तहमा छलफल गरेर जानुपर्ने जवाफ दिएको राजदूत आचार्यले बताए ।

भारत कोरोना भाइरसको खोप नेपाललाई प्रदान गर्न सकारात्मक भएको उनको भनाई थियो । खोप अनुदान वा सुपथ मूल्य दुवैमा दिन भारत सकारात्मक भएको आचार्यले बताए ।

बैठकको सुरुमा भारतीय विदेशमन्त्री एस जयंशकरले सम्बोधन गरेका थिए । सम्बोधनका क्रममा जयशंकरले गत वर्ष भदौमा काठमाडौंमा सम्पन्न पाँचौं बैठकको स्मरण गर्दै नेपालले गरेको आतिथ्यताको प्रशंसा गरेका थिए ।

उनले दुई देशबीचको सम्बन्ध संस्कृति, धर्म र भाषामा आधारित युगौं पुरानो सभ्यता भएको उल्लेख गरेका थिए । साथै उनले यस किसिमको सम्बन्धलाई थप सुदृढ र बलियो बनाउँदै जानु पनि यो बैठकको प्रमुख उद्देश्य भएको बताए ।

त्यसपछि आफ्नो सम्बोधामा परराष्ट्रमन्त्री ज्ञवालीले दुई देशबीचका सम्बन्धका सबै पक्षमा छलफल गर्ने म्यान्डेट बैठकको भएको उल्लेख गरे । नियमित सम्पर्क र संवाद दुई देशबीचको सम्बन्धको विशेषता रहिआएको समेत ज्ञवालीले बताए ।

'दुई देशका प्रधानमन्त्रीको नियमित भ्रमण र संवादले दुई देशको सम्बन्धलाई गतिशीलताको नयाँ आयाम थपेको छ,' परराष्ट्रमन्त्री ज्ञवालीले भने ।

यसैबीच मन्त्री ज्ञवाली दिल्लीमा रहँदा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र रक्षामन्त्री राजनाथ सिंहलगायतका उच्च राजनीतिज्ञहरुसँग भेट्ने तय भएको छ । यद्यपि ती भेटका बारेमा दुवै पक्षले हालसम्म केही खुलाएका छैनन् । मन्त्री ज्ञवाली शनिबार अपरान्ह स्वदेश फर्कने कार्यक्रम छ ।

त्यसअघि ज्ञवाली र जयशंकरसँग हैदरबाद हाउसमै भेट करिब एक घण्टा वान टु वान भेट भएको थियो । भेटमा परराष्ट्र सचिव भरतराज पौडेल, भारतीय विदेश सचिव हर्षवर्धन श्रृगंला, भारतका लागि नेपाली राजदूत नीलाम्बर आचार्य र नेपालका लागि भारतीय राजदूत विनयमोहन क्वात्रा पनि उपस्थित थिए ।

# शहरी विकासमन्त्रीद्वारा सम्पूर्ण आयोजनाहरुको विवरण माग

काठमाडौं । शहरी विकासमन्त्री प्रभु साहले मन्त्रालय मातहतका निकायहरुबाट सम्पूर्ण आयोजनाहरुको विस्तृत विवरण माग गरेका छन् । मन्त्री साहले एक परिपत्र जारी गर्दै सम्पूर्ण आयोजनाहरुको विस्तृत विवरण माग गरेका हुन् ।

रुग्ण तथा निर्माणाधीन आयोजनाहरुको निर्माण कार्यलाई प्रभावकारी बनाउनसमेत मन्त्री साहले निर्देशन दिएका छन् ।

कुनै पनि परियोजना ठेक्का गर्दा ठेकेदारले पेश गरेको कार्यतालिका बमोजिम काम भए नभएको तथा त्यसमा सम्बन्धित निकायको तर्फबाट भएका कामकारवाहीको विवरण १५ दिन भित्र मन्त्रालय पठाउन निर्देशन दिइएको हो । खरिद सम्झौता गरेबमोजिम काम नभई रुग्ण बनेका आयोजनालाई रुग्ण हुन नदिन गरिएका प्रयास तथा ठेकेदारलाई नियम बमोजिम कारवाही लगायतका कार्यको विवरण समेत माग गरिएको मन्त्रालयका एक कर्मचारीले बताए ।

कुनै पनि आयोजना खरिद सम्झौता भएपछि ठेकेदारले कार्य सम्पन्न गर्ने कार्यतालिका पेश गरेको हुन्छ । सोही बमोजिम तोकिएको समयभन्दा अगावै काम सकाए प्रोत्साहन रकम तथा ढिलाई गरे १० प्रतिशतसम्म हरजाना तिराउनुपर्ने व्यवस्था छ ।

काममा ढिलाई भए सुरुमा ताकेता पत्र काट्ने, त्यसपछि मोबिलाइजेसन रकम कट्टा गर्न, अझ अटेर गरे धरौटी रोक्का गर्ने र अन्तिममा ठेक्का रद्द गर्ने प्रक्रिया सरकारी पक्षले अपनाउनुपर्ने हुन्छ । तर प्रायजसो आयोजनामा कुनै प्रक्रिया नै नअपनाई रुग्ण भएको पाइन्छ ।

निर्देशन पछि प्राप्त हुने विवरणबाट आयोजनाहरुको स्थिति र शहरी मन्त्रालय मातहतका निकायको क्षमता तथा कार्यकारवाहीको स्थिती पनि थाहा हुने विश्वास मन्त्री साहको छ । सोही बमोजिम निर्माण कार्यलाई प्रभावकारी बनाउन कदम चाल्ने तयारीमा मन्त्री साह रहेको मन्त्रालय निकट स्रोतले जनाएको छ ।

# शीतलहरको बढेपछि विद्यालयहरू बन्द हुन थाले

वीरगन्ज । पछिल्लो केही दिनदेखि तराईमा बढेको शीतलहरका कारण पठनपाठनमा समस्या उत्पन्न भएपछि विद्यालयहरु धमाधम बन्द हुन थालेको छ ।

चिसो बढेसँगै पठनपाठनमा समस्या भएपछि पर्साका तीन स्थानीय निकायहरुले आफ्नो मातहतका विद्यालयहरुमा बिदा दिएका छन् । सम्बन्धित स्थानीय निकायले सूचना जारी गरी आफू मातहत रहेका विद्यालयमा तीन दिनको लागि बिदा दिन थालेका हुन ।

पर्सा जिल्लाको वीरगञ्ज महानगरपालिका, बिन्दबासिनी गाउँपालिका र जिरा भवानी गाउँपालिका गरी तीनै स्थानीय तहले आफू मातहतका विद्यालयहरुमा बिदा दिएका छन् ।

चिसो बढेर शीतलहर चल्न थालेपछि नेपाल शिक्षक महासंघ, प्राइभेट एण्ड बोर्डिङ स्कुल अर्गनाइजेसन नेपाल र वीरगञ्ज महानगरपालिकाले विज्ञप्ति जारी गर्दै महानगरका सम्पूर्ण सामुदायिक र संस्थागत विद्यालयहरुमा माघ ४ गते आइतबारदेखि ६ गते मँगलबारसम्म बन्द गरिएको जनाएको छ ।

यस्तै बिन्दबासिनी गाउँपालिकाले पनि आइतबार एक सूचना जारी गर्दै गाउँपालिका मातहतका सबै सामुदायिक, धार्मिक र परम्परागत विद्यालयहरुमा माघ ५ गते सोमबारदेखि ७ गते बुधबार सम्म तीन दिनको लागि बन्द गरिएको जनाएको छ । अत्याधिक चिसोका कारण विद्यार्थीहरुको स्वास्थ्यमा असर पर्न सक्ने भन्दै गाउँपालिकाले विद्यालयहरु धमाधम बन्द गर्न थालेका हुन ।

यस्तै नेपाल शिक्षक महासंघ बिन्दबासिनी र गाउँपालिकाबीच भएको छलफलले विद्यालय तीन दिन बन्द गर्ने निर्णय नै गरिसकेका छन् । यस्तै जिरा भवानी गाउँपालिकाले पनि आइतबार नै सूचनामार्फत मातहतका विद्यालयहरु आईतबारदेखि मंगलबारसम्म विद्यालय बन्द गर्ने जानकारी दिएको छ ।

केही दिनदेखि तराईमा बढेको अत्याधिक चिसो तथा शितलहरका कारण जनजीवन प्रभावित भइरहेको छ भने त्यसको असर स्कुले बालबालिकामा पनि पर्न सक्ने कुरालाई मध्यनजर गर्दै विद्यालयहरु बन्द गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्राण मेहताले जानकारी दिए । उनले भने, 'केही दिनदेखि बढेको चिसोका कारण तराईका जिल्लाहरुमा जन जिवन प्रभावित भएको छ। बिहानैदेखि लाग्ने कुहिरो र शितलहर पनि चल्ने गरेका कारण यहाँका मानिसहरुको जना जिवन प्रभावित हुँदै आएको छ । यसले साना बालबालिका र विद्यार्थीलाई असर गर्ने देखिएपछि हामीले विद्यालय बन्द गर्ने निर्णय गरेका हौ ।'

यस्ते, महोत्तरीको गौशाला नगरपालिकाले तीन दिनका लागि विद्यालय बन्द गर्ने भएको छ ।

केही दिनदेखि शीतलहर बढेपछि विद्यार्थीहरुलाई विद्यालय जानमा समस्या हुन थालेपछि महोत्तरीको गौशाला नगरपालिकाले नगरभित्रको सबै विद्यालयहरु तीन दिनका लागि बन्द हुने भएको हो ।

वाक्लो हुस्सु र शितलहरको कारण जनजीवन प्रत्यक्ष रुपमा प्रभावित भएपछि गौशाला नगरपालिकाले शुक्रवारसम्मको लागि सामुदायिक विद्यालयहरुमा जाडो विदा दिएको शिक्षा अधिकृत संजय कुमार सिंहले जारी गरेको विज्ञप्तिमा जनाइएको छ ।

जाडोको समयमा बालबालिकाहरु सबै भन्दा बढ़ी प्रभावित हुने भएकोले नगरपालिका भित्र रहेका निजी तथा सामुदायिक सबै विद्यालयहरु बन्द गर्ने निर्णय गरिएको जनाइएको छ ।

# जनकपुर-जयनगर रेल्वे माघ भित्रै चल्ने

जनकपुरधाम । जनकपुर-जयनगर रेल्वे यही माघको अन्तिम सातादेखि सञ्चालनमा आउँदैछ । नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक गुरु भट्टराईले रेल्वे सञ्चालनका लागि आवश्यक तयारी अन्तिम चरणमा पुगेको हुँदा माघ अन्तिम सातादेखि रेल सेवा सुरु हुने बताए । भारतको विहार राज्यको जयनगरदेखि जनकपुरको कुर्थासम्मको ३५ किलोमिटरमा रेल सेवा सञ्चालन हुनेछ । महाप्रबन्धक भट्टराईले भने, 'जयनगरदेखि कुर्थासम्मका लागि रेल्वे लिक, स्टेसन, सिग्नललगायतका संरचना तयार भई भारतीय रेल्वे प्राविधिकद्वारा त्यसको परीक्षणसमेत भइसकेको र सो खण्डमा रेल सञ्चालन गर्न अब कुनै पनि प्राविधिक काम बाँकी छैन ।'

महाप्रबन्धक भट्टराईको अनुसार माघ १५ गतेभित्र रेल सेवा सञ्चालन गर्नका लागि आवश्यक मुख्य प्राविधिक जनशक्ति भारतबाट नेपाल आइपुग्दैछ । त्यसका लागि भारत सरकारको स्वामित्वमा रहेको कोङ्कर्ण रेल्वे कर्पोरेशनसँग सम्झौता हुने भएको उनले बताए । भट्टराईले भने, 'सम्झौताका लागि आवश्यक 'डकुमेन्टस'समेत तयार भइसकेको छ र ड्राइभर, इञ्जिनीयरलगायत २६ जना मुख्य प्राविधिक जनशक्ति भारतबाट नेपाल आउन तयारी अवस्थामा रहेको छ ।' त्यसैगरी रेल सेवा सञ्चालन गर्न ४६ जना निजामती सेवाबाट र ६० जना रेल्वेका सेवा निवृत्त कर्मचारी लिएर तत्काल सेवा सञ्चालन गरिने महाप्रबन्धक भट्टराईले जानकारी दिए । निजामतीबाट आउने कर्मचारीलाई सामान्य प्रशासन मन्त्रालयको स्वीकृतिमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले पत्र पठाइसकेको जनाइएको छ। भारतीय जनशक्ति माघ १५ गतेभित्र नेपाल आइपुगेपछि रेल्वे सञ्चालनका लागि गर्नुपर्ने विभिन्न परीक्षण गर्नुका साथै नेपालका कर्मचारीलाई आवश्यक तालीम प्रदान गर्नेछ ।

अहिले पहिलो चरणमा जयनगरदेखि कुर्था खण्डमा सञ्चालनका लागि गत असोज २ गते भारतबाट ल्याइएका दुई वटा डेमो रेल इनर्वास्थित स्टेशनमा पार्किङ गरी राखिएको छ भने रेल्वेको सुरक्षाको जिम्मा पछिल्लो मन्त्रिपरिषद् बैठकले सशस्त्र प्रहरी बललाई दिइसकेको छ/। अहिले १२६ जना सशस्त्र प्रहरीले उक्त रेल्वे खण्डको सुरक्षा दिइरहेका छन् । रेल सञ्चालनका लागि आवश्यक पर्ने अन्य टिकट, सफ्टवेयरसमेत तयार भइसकेको छ । जयनगरदेखि कुर्थासम्म ३५ किलोमिटरको भाडा साधारणमा ७० रुपैयाँ र एसीमा ३०० सम्म तोकिएको छ ।

प्रतिकिलोमिटर बढीमा १५ रुपैयाँ साधारणमा र एसीमा साधारणभन्दा पाँचगुणा बढी भाडा तोकिएको उनले बताए । एक स्टेसनबाट अर्को स्टेसनमा झरेको खण्डमा प्रतिकिलोमिटर १५ रुपैयाँका दरले भाडा लाग्ने छ । दुई वा दुईभन्दा बढी स्टेसनसम्म यात्रा गरे त्योभन्दा कम भाडा लाग्ने छ । कुर्थादेखि जयनगरसम्म जयनगर, इनर्वा, खजुरी, वैदही र कुर्था गरी पाँच वटा स्टेसन राखिएको छ ।


नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरु :

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्यूँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**लालकिशोर साह**

**नगरप्रमुख**

**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २**



## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुर्‍याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

प्रदेश नं. २, धनुषा, नेपाल

सम्पर्क नं. : ०१५२२३५०

इमेल : malcprovince2@gmail.com



नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरु :

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्यूँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।



**हरिप्रसाद मण्डल**

**नगरप्रमुख**

**मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २**

# विश्व परिवेश

## कोरोनाविरुद्ध खोप अभियानको प्रधानमन्त्री मोदीद्वारा उद्घाटन




काठमाडौं । भारतमा कोरोनाविरुद्धको खोप लगाउन शनिबारदेखि सुरु गरिएको छ । भिडियो सम्मेलनमार्फत् प्रधानमन्त्री नरेन्द्र मोदीले खोप अभियानको शनिबार उद्घाटन गरेका हुन् । यस अभियानलाई विश्वकै सवैभन्दा ठूलो खोप अभियान भनिएको छ । अभियानअन्तर्गत सवैभन्दा पहिला कोरोनाविरुद्धको लडाईमा अग्रपक्तिमा खटिएकाहरुलाई खोप लगाउने मापदण्ड बनाइएको छ ।

अग्रपक्तिका सेवाप्रदायकसहित पहिलो चरणमा झण्डै तीन करोड मानिसलाई खोप लगाउने भारतीय सरकारको तयारी छ । खोप लगाउनका लागि देशभरी तीन हजार ६ ठाउँमा खोप केन्द्रको व्यवस्था गरिएको र ती सवै भर्चुअल माध्यमबाट एक अर्कामा सम्पर्कमा रहने व्यवस्था गरिएको अधिकारीहरुले जनाएका छन् । शनिबार पहिलो दिन हरेक खोप केन्द्रमा सय जनाको दरले खोप लगाउन सक्ने जनाइएको छ । खोपका लागि एकिकृत बालविकास सेवाका कर्मचारीसहित सरकारी तथा नीजि क्षेत्रका स्वास्थ्यकर्मीहरुलाई सवैभन्दा पहिलो प्राथमिकतामा राखिएको छ । दैनिक विहान ९ बजेदेखि बेलुका ५ बजेसम्म खोप सेवा उपलब्ध गराइने केन्द्रीय स्वास्थ्य मन्त्री डा. हर्ष बर्धनले जानकारी दिए । उनले कोरोनाविरुद्धको खोप अभियान सुरु हुनुलाई कोरोनाको अन्त्य नै सुरु भएको रुपमा लिएका छन् ।

अर्को चरणमा ५० बर्षभन्दा बढी उमेरका व्यक्तिलाई मात्रै खोप दिइने मापदण्ड बनाइएको सरकारी अधिकारीहरुले जनाएका छन् । बृद्धबृद्धाहरु कोरोनाभाइरसबाट सङ्मणको उच्च जोखिम हुने र सङ्मित भइसकेपछि जित्न पनि गाह्रो हुनेभएकाले उनीहरुलाई प्राथमिकतामा राखिएको उनीहरुले जनाएका छन् ।

उमेरले ५० बर्षभन्दा कम भएकाहरु पनि गम्भीर अवस्थाका विरामी छन् भने पनि उनीहरुलाई खोप लगाइने मापदण्डमा उल्लेख छ ।

भारतमा दुई प्रकारका खोप लगाउनका लागि सरकारले अनुमति दिएको छ । यही ३ जनवरीमा खोप लगाउन अनुमति दिने निर्णय सरकारले गरेको थियो । भारत बायोटेकले बनाएको कोभ्याक्सीन र अक्सफोर्ड विश्वविद्यालयसँग एस्ट्राजेनेका कम्पनीले बनाएको कोभिशिल्ड प्रयोग गर्न सरकारले अनुमति दिएको हो ।

## जम्मु-काश्मीरको स्वास्थ्य सेवा भारत सरकारको प्राथमिकतामा

काठमाडौं । काश्मीरमा कोभिड-१९ परीक्षण सुविधा वृद्धि गर्न जम्मु काश्मीर प्रशासनले हालै अनन्तनागको सरकारी मेडिकल कलेजमा नयाँ आणविक जीव विज्ञान प्रयोगशालाको उद्घाटन गरेको छ । संघीय क्षेत्रका चार जिल्लाका बिरामीहरूका लागि सरकारी प्रयोगशालामा ठूलो स्तरमा परीक्षण गर्न प्रयोगशाला सफल हुने बताइएको छ । प्रयोगशालाका सह प्राध्यापक डा. शाजिया बेनजीरले अनन्तनागमा मोलिक्युलर प्रयोगशालाको उद्घाटन गरिएको र यसले महामारीबीच मानिसहरूलाई ठूलो सहयोग पुऱ्याएको बताएकी छिन् ।

'भर्खरै कोभिड-१९ संकटबाट मुक्त गराउनका लागि आणविक प्रयोगशालाको उद्घाटन गरिएको हो । यसभन्दा पहिले दक्षिण काश्मीरको कोरोना भाइरससम्बन्धी नमूना लिन हामी श्रीनगरमा डाटा पठाउँदै आएका थियौं । अब यहि प्रयोगशालाबाट थप सेवा दिन सकिने भएको छ,' डा. बेनजीरले एएनआईलाई बताइन् ।

डा. बेनजीरले अनन्तनाग ल्याबले अहिले दक्षिण कश्मीरका सबै नमूनाहरू परिक्षण गर्दै गरेको बताइन् । 'अब हामी कुलगाम, शोपियां, र पुलवामाका जस्ता दक्षिण काश्मीरका सबै नमुनाहरू परिक्षण गर्न सक्छौ । ती सबै नमूनाहरू २४ देखि ४८ घण्टा भित्र रिपोर्ट दिन्छौं । जनताले तत्काल सुविधा लिन सक्दछन्,' उनले भनिन् ।

एसोसिएट प्रोफेसर र ल्याबका इन्चार्ज डा. रुबेना हजकले भने, 'जनताले श्रीनगरमा टेस्ट लिनुपरेको थियो । अब उनीहरु यहाँ टेस्ट गर्न सक्दछन् । हामी लगभग चार जिल्लाहरुलाई समेट्छौ । परीक्षण गराउनका लागि श्रीनगर यात्रा गर्नुपर्ने बाध्यता हटेको छ ।'

## पाकिस्तानमा भारतीय मिडियाको बढी दर्शक

नयाँ दिल्ली । भारतको सरकारी संचार संस्था प्रसार भारतीले पाकिस्तानमा आफ्नो दोस्रो बढी डिजिटल दर्शकहरु रहेको जनाएको छ । भारतको सूचना तथा प्रसार मन्त्रालयले सन् २०२० मा दुरदर्शन र अल इन्डिया रेडियोका सबैभन्दा बढी दर्शक तथा सोताहरु रहेको बताएको छ । सूचना मन्त्रालयका अनुसार सन् २०२० को अवधिमा पाकिस्तानमा दूरदर्शन ( डीडी) र अखिल भारतीय रेडियो ( एआईआर) को दोस्रो सर्वाधिक डिजिटल दर्शकहरु रहेका छन् ।

सूचना मन्त्रालयका अनुसार चीनमा पनि एक सय प्रतिशत दर्शक तथा स्रोताहरु बढेको पाइएको छ । जुन चीनमा एक अर्ब पाठकहरु र २.५ अर्बभन्दा बढी डिजिटल दर्शकहरु रहेको पाइएको हो ।

चाखलाग्दो कुरा के छ भने २०२० को अवधिमा पाकिस्तानमा डिडी र एआईआर सामाग्रीका लागि दोस्रो उच्च डिजिटल दर्शकहरु रहेका छन् । यो २०२० को अवधिमा, प्रसार भारतीको मोबाइल एप्लिकेसन 'न्यूजअनअयर' ले २.५ लाखभन्दा बढी प्रयोगकर्ताहरू थप गरेको छ । २०० भन्दा बढी स्ट्रिमहरू प्रत्यक्ष प्रसारण सबैभन्दा लोकप्रिय फिचरको रूपमा देखा परेको छ ।

### भारतले बंगलादेशलाई कोरोनाविरूद्धको भ्याक्सिन पठाउने

काठमनडौं । भारतले कोरोना भाइरसविरुद्धको लडाईमा आफ्नो छिमेकी मुलुकलाई सहायता गर्ने भएको छ । भारतले बंगलादेशलाई २० लाख कोरोना भ्याक्सिन पठाउने योजना बनाइरहेको छ । भारतमा समेत उत्पादन भइरहेको एस्ट्रेजेनेकाको २० लाख खोप बुधबार विशेष विमानबाट ढाका आइपुग्ने जनाइएको छ । तर, पाकिस्तान भने खोपको विकल्पको खोजीमा रहेको छ । पाकिस्तानले समेत कोरोना विरुद्वको आपत्तकालिन प्रयोगका लागि एस्ट्रेजेनेकालाई स्वीकृती दिइसकेको छ । द्विपक्षीय सम्झौताको अन्तरगत एस्ट्रेजेनेका र भारतवायोटेकद्धारा निर्माण गरिएको भ्याक्सिन भारतसंग लिने आपेक्षा गरेको जनाइएको छ ।

### दुश्मनीको कल्पना गर्न सकिन्न : रक्षामन्त्री सिंह

काठमाडौं । भारतका रक्षामन्त्री राजनाथ सिंहले नेपालसँगको दुश्मनीको बारेमा कल्पना समेत गर्न नसकिने बताएका छन् । उनले नेपाल आफ्नै परिवार भएको टिप्पणी समेत गरेका छन् । 'नेपाल हाम्रो परिवार हो,' भारतीय टिभी च्यानल आजतकमा प्रभु चाँवलासँग अन्तवार्ताका क्रममा सिंहले भने,'दाजुभाई एक अर्कालाई गोली हान्छ ?' भारत र नेपाल दाजुभाई भएकाले सम्बन्ध कुनै हालतमा टुट्न नदिने बताए । नेपालसँग सांस्कृतिक सम्बन्ध मात्र नभएको टिप्पणी गर्दै सिंहले भने,'भारत र नेपालबीच रोटीबेटी सम्बन्ध । यो सम्बन्धलाई टुट्न दिदैनौं ।'

भारतले लिपुलेक हुँदा सडक निर्माण गर्दा नेपालले विरोध गरेकोबारे प्रश्न गर्दा सिंहले भने,'कसैले भन्दियो होला । दाजुभाईबीच यस्तै हुन्छ । दाजुभाई एक अर्कालाई गोली हान्छ ?' नेपाल असन्तुष्ट भएमा भारतले सम्झाउने बताए । एक दुईजना नेताले गर्दैमा दुई देशको सम्बन्ध नबिग्रने सिंहको भनाई थियो ।

### भारतीय प्रधानमन्त्री र मुख्यमन्त्रीहरूले दोस्रो चरणमा कोरोनाको खोप लगाउने

नयाँदिल्ली । भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र राज्यका मुख्यमन्त्रीहरुले दोस्रो चरणमा कोभिड-१९ विरुद्धको खोप लगाउने भएका छन् । भारतमा यही जनवरी १६ मा पहिलो चरणको देशव्यापी खोप अभियान शुरु गरिएको थियो जसमा करिब तीन करोड डोज खोप लगाउने तयारी छ । पहिलो चरणमा सरकारले स्वास्थ्यकर्मी र वृद्धवृद्धालाई यो खोप दिँदैछ । सरकारी अधिकारीहरुका अनुसार आगामी मार्च वा अप्रिलमा शुरु हुने दोस्रो चरणको अभियानमा ५० वर्षभन्दा माथिका सबै सांसदहरुलाई पनि खोप दिने तयारी छ । यता, कोरोनाको खोप नयाा दिल्लीमा एक करोडभन्दा बढीलाई परीक्षणगरिसकिएको छ। यो तथ्याङको दिल्लीको पुरै आवादीको ५० प्रतिशत हो । दिल्लीका मुख्यमन्त्री केजरीवालले ट्विटरमार्फत दिल्लीले नयाँ रेकर्ड कायम गरेको दाबी गरेका छन् । नयाँदिल्लीमा एक दिनमा ४०५ जना कोरोना संक्रमित निको हुँदै गएका छन् भने संक्रमितको दर ०.३६ प्रतिशतमा घटेको छ ।

### १० महिनापछि खुले विद्यालय

काठमाडौं । भारतको राजधानी नयाँदिल्लीमा १० महिनादेखि बन्द रहेका विद्यालय सोमबारदेखि खुलेका छन् । विद्यार्थीहरु १० महिनापछि विद्यालय जान पाउँदा खुशी भएका छन् । उनीहरुले विजयको संकेतसमेत देखाएका छन् । विद्यालयमा सबै विद्यार्थीहरु मास्क लगाएरै पुगेका छन् । विद्यालय प्रवेश गर्दा दुई मिटरको दूरीलाई समेत ध्यान दिइएको भारतीय संचारमाध्यमहरुले बताएका छन् । त्यसैगरी सेनिटाइजरको सुविधा पनि दिइएको छ । दिल्लीमा आगामी मे मा बोर्डको परीक्षा हुँदैछ । तसर्थमा कक्षा १० देखि १२ का विद्यार्थीका लागि स्कुल खोल्ने फैसला भएको हो । दिल्लीका शिक्षामन्त्री मनिष सिसोदियाले अधिकारीहरुसँग छलफल गरी विद्यालय खोल्नेबारेमा छलफल गरेका थिए ।


- नेपालको संविधानले नागरिकलाई अधिकारको व्यवस्था गर्नुका साथै कर्तव्यको पनि व्यवस्था गरेको छ । यसर्थ प्रत्येक नागरिकले आफ्नो सार्वजनिक सरोकारको विषयमा सूचना माग गरी सजग नागरिकको पहिचान बनाउनु प्रत्येक नेपाली नागरिकको कर्तव्य हो ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


### ढकालले सुनाए आफ्नो यात्रा कथा

काठमाडौं । नेपालको इसेवा तथा फोनपेका मातृसंस्था एफवान सफ्टका अध्यक्ष विश्वास ढकालले आफ्नो सुरुवाती यात्राका बारेमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई सुनाएका छन् । अन्तर्राष्ट्रिय शिखर सम्मेलनको पूर्ण बैठकमा सहभागी हुँदै ढकालले आफ्नो सुरुवाती संघर्षका बारेमा प्रधानमन्त्री मादीसमक्ष बताएका हुन् । भर्चूअल माध्यमबाट भएको बैठकमा भारत र बिमस्टेक क्षेत्रका अन्य उद्यमीहरूको पनि सहभागिता रहेको थियो । ढकालले प्रविधि क्षेत्रमा महत्वपूर्ण योग्दानऱ्याउँदै आएका छन् । प्रविधिमार्फत सहज, सहुलियतपूर्ण तथा सुरक्षित वित्तीय सेवा प्रदान गर्न तयार पारेको प्रणालीका लागि ढकाललाई सरकारले समेत सम्मान गरेको थियो । उनले सन् २००६ मा इसेवाको परिकल्पना गरेर नेपालमा डिजिटल वालेटको सुरुवात गरेका थिए । यो कम्पनीले मोवाइल बैंकिङ सेवामार्फत ७० लाख बढीलाई वित्तीय सेवामा सहज पहुँच दिएको छ ।

# जिल्ला समाचार

## नेपालगन्जमा आईसिपीको निर्माण कार्य सुरू

नेपालगन्ज । नेपाल र भारत सरकारबीच सम्झौता भएको १५ वर्षपछि नेपालगन्ज नाकामा आईसिपी(एकिकृत भन्सार जाँच चौकी) निर्माणको काम सुरु भएको छ । भारत सरकारले सन् २००५ मा नेपालको बिराटनगर, बीरगन्ज, नेपालगन्ज र भैरहवा नाकामा आईसिपी निर्माण गरिदिने सहमती जनाएको थियो । बिराटनगर र बीरगन्जमा भने आईसिपी निर्माण गरी भारतले यसअघि नै नेपाल सरकारलाई हस्तान्तरण गरिसकेको छ । पश्चिम तराईको प्रमुख मानिने नेपालगन्जमा आईसिपी निर्माणको काम प्राथमिकतामा नपर्दा ढिलो गरी अहिले सुरु भएको हो । नेपालगन्ज उपमहानगरपालिका वडा नम्बर १६ जयसपुरमा बिगत एक महिनादेखी आईसिपी निर्माणको काम चलिरहेको छ । आईसिपी निर्माणका लागि भारतको राजदिप कन्स्ट्रक्सन कम्पनीले १ अर्ब ४७ करोड(भारु)मा ठेक्का पाएको छ । भारत सरकारसँग भएको सम्झौता अनुसार उक्त ठेकेदार कम्पनीले दुई वर्ष भित्रमा काम सम्पन्न गरिसक्नुपर्नेछ । भारत सरकारको सहयोगमा आईसिपी निर्माण गर्न नेपाल सरकारले एक दशक अघि जग्गा अधिग्रहण गरेको थियो । साविकको जयसपुर गाविसमा २०६७ मा नेपाल सरकारले जग्गा अधिग्रहण गरी संरक्षण गरेर राखेको थियो । आईसिपी निर्माणका लागि नेपाल सरकारको तर्फबाट सहजीकरण गर्ने जिम्मा सहरी विकास तथा भवन निर्माण विभागलाई दिइएका छ । सहरी विकास तथा भवन निर्माण विभाग संघीय आयोजना कार्यान्वयन एकाई नेपालगन्जका ईन्जिनियर होमनाथ भुसालले भारत सरकारले आफ्नो सहमती र प्रतिवद्धता अनुसार नेपालगन्ज नाकामा आईसिपी निर्माणको काम सुरु गरिसकेको बताए ।

## चुरे जोगाउन प्रर्दशन

जनकपुरधाम । चुरे संरक्षण अभियानले मुख्यमन्त्री कार्यालय अगाडी विरोध प्रर्दशन गरेका छन् । चुरे तथा वन जङ्गल संरक्षण अभियानले चुरे बचाउन मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय अगाडी विरोध प्रर्दशन गरेका हुन् । रेलवे स्टेशनबाट सुरू भएको प्रर्दशन भानु चोक हुँदै मुख्यमन्त्री कार्यालय पुगेको थियो । प्रर्दशनकारीले भ्रष्ट मन्त्री राजीनामा देऊ, चुरे माफियालाई कारवाही गर, अवैध रुपमा खोला उत्खनन गर्न पाउदैनन् र महोत्तरी वनको प्रमूखलाई कारवाही गर लगायतको नाराबाजी गरेका थिए । प्रर्दशनकारीले कार्यालयको अगाडी गएर आफ्नो आवाज राख्न माग गर्दा प्रहरीले बल प्रयोग गरी रोकेका थिए । केही समय प्रहरी र प्रर्दशनकारी बीच खिचातानीसमेत भएको थियो । चुरे बचाउ संघर्ष समितिका प्रदेश संयोजक संयोजक सुनिलकुमार यादवले चुरे जोगाउन पटक पटक सरकारलाई पत्राचार गरेपनि वेवास्ता गरेकाले ध्यानाकर्षण स्वरुप पर्दशन गरेको बताए । अभियानले माघ ८ गते रौतहटको गौर, माघ ९ गते सलार्हीको मलंगवा, माघ ११ गते महोत्तरीको जलेश्वर, माघ १३ गते सिरहामा र माघ १७ गते विरगंजमा विरोध प्रर्दशन गर्नेछ ।

## नेकपाद्वारा चुनावी प्रशिक्षण

वीरगन्ज । नेकपाद्वारा विरगंजको नगरसभा गृहमा आयोजित कार्यक्रममा बैशाखमा हुने मध्यावधि चुनावको लागि प्रदेश नं.२ का युवाहरुलाई प्रशिक्षण दिएको छ । पर्सेली चुनावी राष्ट्रिय युवा संघ नेपाल जिल्ला कमिटी पर्साको आयोजनामा बृहत युवा भेला तथा प्रशिक्षण कार्यक्रममा आउने निर्वाचन कसरी सम्पन्न गर्ने भन्ने विषयमा प्रशिक्षण दिएको छ । वीरगंजको नगरसभा गृहमा सञ्चालन भएको कार्यक्रमका प्रमुख अतिथि नेकपाका केन्द्रीय सदस्य तथा पूर्व सांसद महेश बस्नेतले बैशाखमा हुने निर्वाचन समयमा हुने बताएका थिए । यस घडिमा युवा शक्तिहरु एकजुट हुनुपर्ने समेत सम्बोधनको क्रममा बताएका थिए । लोकतन्त्रको रक्षा र ताजा जनादेशको लागि नेपाल सरकारबाट घोषणा गरिएको मध्यावधि निर्वाचनको स्वागतमा आयोजित कार्यक्रममा पार्टिका विभिन्न वक्ताहरुले आ-आफ्नो मन्तव्य दिई चुनावी तैयारी आ-आफ्नो क्षेत्रमा तीव्र गतिले गर्नुपर्ने विषयमा जोड दिएका थिए ।

## सर्लाही दुर्घटनामा दुईजनाको मृत्यु

जनकपुरधाम । सर्लाहीमा बिहीबार बस अनियन्त्रित भएर पल्टिँदा दुईजनाको मृत्यु भएको छ । अरु १७ जना घाइते भएका छन् । दाङबाट काँकडभिट्टा तर्फ जाँदै गरेको ना ५ ख ४४८८ नम्बरको बस आफै अनियन्त्रित भई सर्लाहीको हरिवन नगरपालिका स्थित पूर्व पश्चिम राजमार्गको सशस्त्र क्याम्प नजिकै दुर्घटना भएको सर्लाहीका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक मदन कुँवरले जानकारी दिए । बस बाटोबाट १० मिटर तल पल्टिँदा बसमा सवार दाङको राप्ती गाउँपालिका वडा नं. ५ का ३६ वर्षीया राजकुमारी चौधरीको घटना स्थलमा र २३ वर्षीया निर्मला चौधरीलाई उपचारको लागि वीरगंज न्यूरो लग्ने क्रममा बाटोमै मृत्यु भएको प्रवक्ता कुँवरले जानकारी दिए । बसमा सवार अन्य ३० जना मध्ये चालकसहित पाँचजनाको अवस्था गम्भीर रहेको र तिनीहरुको उपचार न्यूरो अस्पताल वीरगंजमा भइरहेको प्रहरीले जनाएको छ । त्यस्तै तीनजनाको नमूना अस्पताल हरिवनमा र ९ जनाको स्वाभिमान अस्पताल हरिवनमा उपचार भईरहेको र तिनीहरुको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ । बसमा सवार मध्ये १२ जना सकुशल रहेको प्रहरीले जनाएको छ । गम्भीर घाइते हुनेमा बस चालक रुपन्देहीको बुटवलका ३५ वर्षीय अर्जुन ज्ञावली, बसका सहचालक लुम्बिनी बस्ने २३ वर्षीय किशोर सुबेदी रहेका छन् भने दाङको राप्ती बस्ने २३ वर्षीया रिता चौधरी, महोत्तरीका ३५ वर्षीय बसन्त कुमार ठाकुर, बाराका ३० वर्षीया सरिता चौधरी रहेकी छन् । त्यस्तै दाङको राप्ती गाउँपालिका वडा नं. ७ की ४५ वर्षीया आशा चौधरी, २९ वर्षीया सुमित्र चौधरी, ५ वर्षीय शोरम चौधरी, ३१ वर्षीय लक्ष्मी नारायण चौधरी, २० वर्षीया अमृता चौधरी, २२ वर्षीया पुष्पा चौधरी, ४९ वर्षीय अजय बहादुर पुन, १८ वर्षीय मितेश चौधरी, रुपन्देहीका ३० वर्षीय सन्तोष पाण्डे, काठमाडौंका ३७ वर्षीय सन्तोश नकर्मी, रोल्पाका ३५ वर्षीय सेतु रोका र २२ वर्षीय अर्जुन कुमार रोका पनि घाइते भएका छन् ।

## आफ्नै छोरीलाई करणी गर्ने पक्राउ

रुपन्देही । आफ्नै ११ वर्षीया छोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा बुटबल उपमहानगरपालिका-११ मजुवा बस्ने ३३ वर्षीय पुरुषलाई बुधबार प्रहरीले पक्राउ गरेको छ । ती बालिकालाई गत बिहीबार राति जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय बुटबलबाट खटिएको प्रहरीले ती पुरुषलाई पक्राउ गरेको हो ।

## स्कारपियोको ठक्करबाट पैदलयात्रीको मृत्यु

कपिलवस्तु । बिजयनगर गाउँपालिका-४ पुराउस्थित सडकमा बा.१२ च २११६ नम्बरको स्कार्पियोको ठक्करबाट पैदलयात्री सोही वडाको मिझुनयाँ बस्ने ८० वर्षीय सुन्तला पासीको बुधबार साँझ घटनास्थलमै मृत्यु भएको छ । स्कार्पियो चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

## लागूऔषधसहित पक्राउ

मोरङ । विराटनगर उपमहानगरपालिका-१६ भट्टीमोड बस्ने ३१ वर्षीय राकेश राईलाई करिब ५ मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर सहित मंगलबार राति प्रहरीले पक्राउ गरेको छ । भारतबाट नेपाल आउँदै गरेका उनलाई १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त परिमाणको लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

## ट्याक्टरमा मोटरसाइकल ठोक्किँदा एकको मृत्यु

कपिलवस्तु । कपिलवस्तु नगरपालिका-७ धरमपनियामा लु.२२ प २३५८ नम्बरको मोटरसाइकल ट्याक्टरमा ठोक्किएर बुधबार दिउँसो दुर्घटना हुँदा मोटरसाइकलमा सवार बुद्धभूमि नगरपालिका-१० हड्दिहवा बस्ने ३८ वर्षीय प्रल्हाद अहिरको मृत्यु भएको छ । दुर्घटनामा घाइते भएका उनको जिल्ला अस्पताल तौलिहवामा उपचारको क्रममा मृत्यु भएको हो । घाइते भएकी प्रल्हादकी श्रीमती २७ वर्षीया रिता अहिरको सोही अस्पतालमा उपचार भइरहेको छ । घटनाको संलग्न रहेको शंकामा लु.४ त ५०९६ नम्बरको ट्याक्टरलाई प्रहरीले नियन्त्रणमा लिएको छ । दुर्घटनास्थलमा तत्काल खटिएको स्थानीय प्रहरीले आवश्यक उद्दार कार्य गर्नुका साथै दुर्घटनाका सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ ।

## कला/साहित्य

कमल मण्डल

# व्यस्त कलाकार लिजा कौशल चौधरी



मैथिली गीत, संगीत र सिनेमाको कुरा आउँदा त एउटा नाम पटक-पटक आउने गरेको हुन्छ लभकि कनियाँ । जब हामी लभकि कनियाँको कुरा गर्छौ तब त्यस फिल्मको कलाकार लिजा कौशल चौधरीको नाम पनि अवशय आउँछ । लगभग १३ वर्ष अगाडि लभकि कनियाबाट आफ्नो अभिनय यात्रा सुरु गरेको लिजा अहिलेसम्म दर्जनौं, मैथिली, थारु, भोजपुरी, राजवंशी र नेपाली लगायतको फिल्महरुमा आफ्नो अभिनय क्षमता देखाइसकेका छन् । सुटिङ्को समय सम्पूर्ण कलाकार र आफ्नो टिमसँग छिट्टै घुलमिल हुने स्वभावका कारण धेरै जनाको प्रिय बनेकी छन् । थारु भाषाको कर्तव्य, थारुके दारु, दोस्ती, जिबै मोरबै तोरे सँग त्यस्तै मैथिलीमा औकात, छिन्नमस्ता जय शखडेशवरी माता लगायतको फिल्ममा अभिनय गरिसकेकी लिजा फिल्ममा भिलेनसँग एक्शन सिन पनि धेरै राम्रो गर्छिन् । औकात फिल्ममा नायक सबुरलार सरदारसँग अभिनय गरेको गीत नथिया टुटल सैया खटियापर सुपर डुपर हिट रहेका छन् । त्यस्तै नायक विजय कामतसँग अभिनय गरेकी छिन्नमस्ता जय शखडेशवरी माता फिल्ममा गायक बिरेन्द्र झाद्वारा स्वरबद्ध गरिएको गीत मथापर चम्कैय बिन्दिया पनि धेरै चर्चीत रहेका छन् । अहिले विराटनगरमा रहेर विभिन्न कार्यक्रमहरुमा अतिथि र जजको रुपमा काठमाडौंदेखि विराटनगरसम्म आफ्नो उपस्थिति जारी राखेका छन् । एक सयभन्दा बेसी गीतमा अभिनय गरेको लिजा कला क्षेत्रमा निरन्तर टिक्नका लागि नियमित जिम र डान्स कलास पनि निरन्तर गरिरहेका छन् । त्यस्तै सर्ट फिल्म पनि धेरै गरेकी छन् ।

# पेट्रोलियम प्रविधि तालिमबारे आइओसीसँग प्रारम्भिक समझदरीपत्रमा हस्ताक्षर

काठमाडौं । वार्षिक दुई खर्ब ५० अर्बको कारोबारलाई नियमन गर्न पेट्रोलियम पदार्थसम्बन्धी सामान्यदेखि उच्च तहको तालिम लिन भारत जानुपर्ने बाध्यताको अन्त्य हुने भएको छ । नेपाल आयल निगमले थानकोटमा तल्लो तहका प्राविधिकदेखि निर्देशक तहसम्मको कर्मचारीलाई तालिम दिने गरी सुविधासम्पन्न तााालिम केन्द्र निर्माणको सुरुवात गर्न लागेको हो । आगामी तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य लिइएको तालिम केन्द्र नेपालकै पहिलो हुनेछ ।

तालिम केन्द्र निर्माणका लागि निगमको एक टोलीले इन्डियन आयल कर्पोरेसन (आइओसी)को तालिम विभागसँग प्राविधिक सहयोग लिने समझदारीपत्रमा हस्ताक्षर गरेको छ । मुम्बईस्थित आइओसीको कर्पोरेट कार्यालयमा आयल निगमको बागमती प्रादेशिक कार्यालय प्रमुख प्रदीप यादव र आइओसीको तालिम केन्द्र विभागका प्रमुख महाप्रबन्धक (सिजिएम) एमआर दासबीच समझदारीपत्रमा हस्ताक्षर भएको हो ।

यो तालिम केन्द्रमा चालक, सहचालक, पेट्रोलियम व्यवसायीदेखि निगमको सामान्य प्राविधिक (ब्राउजर अपरेटर)देखि निर्देशक तहसम्मका कर्मचारीलाई चाहिने प्राविधिक ज्ञान दिन सकिनेछ । 'तालिम केन्द्र बनेपछि पेट्रोलियमसम्बन्धी ट्रेनिङका लागि भारत जानुपर्ने बाध्यताको अन्त्य हुनेछ । यहाँ सामान्यदेखि उच्चस्तरका तालिमहरू प्रदान गर्न सकिने सुविधा उपलब्ध हुनेछ' यादवले भने ।

तालिम केन्द्रको अभावमा बर्सेनि निगमको धेरै कर्मचारीहरू आइओसीको भारतमा रहेका विभिन्न तालिम केन्द्रमा जाने गरेका छन् । पछिल्लो समय पेट्रोलियम पाइपलाइन निर्माण भएपछि यससम्बन्धी सम्पूर्ण ज्ञान लिन आइओसीकै भर पर्नुपरेको थियो । तालिम केन्द्र बनाएपछि भारतलगायत विश्वका उत्कृष्ट प्रशिक्षक झिकाएर कर्मचारीलाई तालिम दिन सजिलो हुने निगमको कार्यकारी निर्देशक सुरेन्द्रकुमार पौडेलले बताए ।

# छिमेकीलाई अनुदानमा कोरोना भ्याक्सिन दिँदैछ भारत

काठमाडौं । भारतले उसका छिमेकी राष्ट्रहरुमध्ये नेपाल लगायत भूटान, मालदिभ्स, बंगलादेश र म्यांमारलाई कोरोना भ्याक्सिन अनुदानमा दिने भएको छ । भारतीय प्रधानमंत्री नरेंद्र मोदीले मंगलबार गरेको एउटा ट्वीटमा भनिएको छ, 'भारत वैश्विक समुदायका स्वास्थ्य आवश्यकता परिपूर्ति गर्न दीर्घकालिक साझेदार हुन पाएकोमा गौरवान्वित अनुभव गरी रहेको छ ।'

निश्चय पनि विगत एक वर्षदेखि कोरोनाको भय, त्रास र आतंकबाट पीड़ित सरकार र सर्वसाधारणलाई भारत सरकारको यस घोषणाले उत्साहित एवं हर्षित तुल्याएको छ । भारत आफै पनि कोरोना कहरले नराम्ररी प्रभावित देश हो । सवाअर्बभन्दा बढी जनसँख्या भएको भारतले आफ्नो मात्रै ख्याल नगरी छिमेकी देशलाई विपत्तिको घड़ीमा सहयोग गर्न अग्रसर हुनु सनातन पूर्वीय परम्पराको पालन गर्नु हो, जसले 'वसुधैव कुटुंबकम'को उद्घोष गर्छ ।

भारतले आफ्ना छिमेकी नेपाल लगायत भूटान, मालदिभ्स, बंगलादेश र म्यांमारलाई कोरोना भ्याक्सिन आपूर्ति गर्नु र अन्य छिमेकी देश श्रीलंका, अफगानिस्तान, मारिससका नाम यस पंक्तिमा नआउनुको कारण ती देशको औषधि व्यवस्था विभागले अझैसम्म भारतमा बनेका भ्याक्सिनलाई प्रयोगको अनुमति प्रदान गरी नसकेकाले हो। यी देशका सम्बंधित विभागले भारतमा बनेका भ्याक्सिनलाई स्वीकृति र अनुमति दिनासाथ ती देशमा पनि भ्याक्सिन आपूर्ति गर्ने जानकारी भारतको विदेश मंत्रालयले गराएको छ ।

भारतीय विदेश मन्त्रालयका अनुसार भारत आफ्नो घरेलु आवश्यकतालाई ध्यानमा राख्दै देशमा उत्पादित भ्याक्सिन आफ्ना छिमेकी देशलाई चरणबद्ध रूपमा उपलब्ध गराउन कटिबद्ध छ र यो आपूर्ति प्रक्रिया निरन्तर र नियमित चलिरहने छ । भारतले २० जनवरीदेखि नै छिमेकी देशलाई भ्याक्सिन आपूर्ति गर्न गई रहेको छ ।

# चीनतर्फको व्यापारमा पुनर्विचार गर्नुपर्छ : उद्योगमन्त्री

काठमाडौँ । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टले चीनतर्फको व्यापारमा पुनर्विचार गर्नुपर्ने बेला आएको बताएका छन् । चीनले एक वर्षदेखि स्थलमार्गबाट हुने आयात-निर्यात रोकेको भन्दै मन्त्री भट्टले चीनसँगको व्यापारमा पुनर्विचार गर्नुपर्ने बताएका हुन् ।

कोभिड-१९ लाई कारण देखाउँदै चीनले एक वर्षदेखि रसुवा र तातोपानी नाका आंशिक र एकतर्फी मात्रै सञ्चालन गर्दै आएको छ। सोही कारण उनले 'चीनसँग व्यापार नै गर्ने कि नगर्ने' भनेर पुनर्विचार गर्नुपर्ने बताएका हुन् ।

चीनले दुवै नाकाबाट दैनिक ४-५ कन्टेनर सामग्री मात्रै छाड्दै आएको छ । निर्यात भने पूर्ण रूपमा रोकेको छ । नेपाल इन्टर मोडल यातायात विकास समितिको २४औं वार्षिक उत्सवलाई सम्बोधन गर्दै मन्त्री भट्टले चीनसँग जोडिएका नाकाबाट एक वर्षदेखि आयात आंशिक मात्रै हुन सकेको र निर्यात पूर्ण रूपमा रोकिएकोप्रति असन्तुष्टि प्रकट गरेका हुन् ।

'चीनले कोभिड र विभिन्न बहानामा एक वर्षदेखि व्यापार रोक्दा त्यसको मार जनतासम्ममै पुगेको छ,' उनले भने, 'हाम्रो छिमेकीको व्यवहारले असहज र अप्ठ्यारो भएको छ, अप्ठ्यारो अवस्थामा पनि जिम्मेवार देखिएनन्।' त्यसैले अब 'चीनसँग व्यापार गर्ने कि नगर्ने ?' भनेर पुनर्विचार गर्नुपर्ने अवस्था आएको उनले बताए ।

# आध्यात्मिक चेतनाको आलोकमा नेपाल-भारत सम्बन्ध



जनकपुर । कामाख्या परिवार नेपालको तत्वावधानमा आध्यात्मिक चेतनाको आलोकमा नेपाल र भारत सम्बन्ध विषयमा एक दिवसीय परामर्श गोष्ठी जनकपुरधामा आयोजना गरिएको छ । गोष्ठीमा नेपाल र भारतका विशिष्ट व्यक्तिहरुको सहभागीता रहेको थियो ।

कामाख्या परिवार नेपालका अध्यक्ष डाक्टर विभाष लाभको अध्यक्षातामाकार्यक्रम सम्पन्न भयो । गोष्ठीमा छिमेकी भारतका विहार राज्य वैश्याली क्षेत्रका पुर्व विधायक डाक्टर अच्युतानन्द सिंहले नेपाल र भारतको सम्बन्ध पौराणिककालदेखि नै रहदै आएको बताए ।

गोष्ठिकम डा. राजेन्द्र विमलले आध्यात्मिकका सँगै विज्ञान र प्रबिधि क्षेत्रमा पनि दुबै देशले सहकारी गर्नु पर्ने बताए । विमलले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा प्रस्तावित रामायण सर्किटको निर्माणले दुबै देशको सम्बन्ध अझै सुदृढीकरण हुने कुरामा विश्वास प्रकट गरे । कार्यक्रममा विहार राज्यका डा. रुपक कुमार सिंह, डा. गौरव मलाकार, डा. विपिन सिंह, डा. करुनायाम, वकिल स्नेहा सिंह, प्रो. नेहा कुमारी, इन्जिनियर रवीसंकर, राजु श्रीवस्तव, ललिता लाभा लगायतका उपस्थिति थियो ।

# करैयामाई पिपरा गोल्ड कप फागुन पहिलो साता हुने

बारा । करैयामाई पिपरा गोल्ड कपको पाँचौं संस्करण फागुन पहिलो साताबाट सुरु हुने भएको छ । करैयामाई गाउँपालिका ७ स्थित पछगचिया खेल मैदानमा सञ्चालन हुने गोल्डकप फागुन ६ देखि १५ गतेसम्म हुने भएको हो । करैयामाई गाउँपालिकाको आर्थिक सहयोग र सृजनशील युवा क्लब पिपरा बाराको आयोजनामा हुन लागेको प्रतियोगिता बारेमा आइतबार गाउँपालिका कार्यालयको सभाहलमा पत्रकार सम्मेलन गरेर जानकारी गराइएको छ ।

कुल २१ लाखको लागतमा हुने प्रतियोगिता १० टिमको सहभागिता रहने सृजनशील युवा क्लब पिपरा बाराका अध्यक्ष बृजमोहन चौधरीले जानकारी दिए । प्रतियोगितामा वीरगञ्ज युथ क्लब, वीरगञ्ज युनाईटेड क्लब, बागमती ११, सर्लाही ११, सशस्त्र प्रहरी दुई नम्बर बाहिनी बर्दिबास, सिरहा ११, हेटौंडा ११, मकवानपुर युनाइटेड क्लब, सिमरा र आयोजक सृजनशील युवा क्लब पिपराले सहभागिता जनाउनेछ। फाइनल खेलको अघिल्लो दिन मैत्रीपूर्ण महिला फुटबल खेल हुने आयोजकले जनाएको छ । प्रतियोगिताको प्रथम पुरस्कार दुई लाख ५० हजार शिल्ड मेडल र प्रमाण पत्र, दोस्रो पुरस्कार एक लाख ५० हजार शिल्ड मेडल र प्रमाण पत्र प्रदान गरिने पत्रकार सम्मेलनमा जानकारी दिइएको छ ।

पत्रकार सम्मेलनमा गाउँपालिका अध्यक्ष भुनेश्वर धामी, गाउँपालिकाकी उपाध्यक्ष चित्ररेखा कुमारी चौधरी, प्रमुख प्रशासकीय अधिकृत राज कुशवाहा, गाउँ शिक्षा समिति सदस्य वीरेन्द्र चौधरी, श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय पिपराका प्रधानाध्यापक रामजच्चु चौधरी, वडा नं. २ का वडा अध्यक्ष सुरेन्द्र चौधरी, सहजनाथ साझेदारी वन समितिका अध्यक्ष मुस्ताक अंसारी, सञ्चारकर्मीहरू लगायतको उपस्थिति रहेको कार्यक्रमको सञ्चालन क्लबका सहसचिव जितेन्द्र चौधरीको गरेका थिए ।

# संचार क्षेत्रको बिकासमा सरकार प्रतिबद्ध : मुख्यमन्त्री राउत

सप्तरी । मुख्यमन्त्री लालबाबु राउतले संचार क्षेत्रको बिकासका लागि सरकार प्रतिबद्ध रहेको बताएका छन् । नेपाल पत्रकार महासंघ शाखा सप्तरीको दशौ साधारणसभालाई शनिबार सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री राउतले देशमा संकट आउदा पत्रकारहरुले खेलेको भुमिका महत्वोपुर्ण हुने गरेको बताए । कुनैपनि अधिकार प्राप्तिको आन्दोलन होस वा देशलाई संकट पर्दा पत्रकारले गरेको योगदान महत्वोपुर्ण रहेको छ, मुख्यमन्त्री राउतले भने, संचार क्षेत्रको बिकास बिना देशमा सुशासन र समृद्धिको कल्पना समेत गर्न सकिदैन । मुख्यमन्त्री राउतले प्रदेश सरकारले संचार क्षेत्रको बिकासका लागि छिट्टै संचार प्रधिकरण र मिडिया काउन्सिल गठन गर्न लागेको बताए । प्रदेश सरकार संचार क्षेत्र र पत्रकारको समस्य प्रती गम्भीर रहेको उल्लेख गर्दै कार्यक्रमका प्रमुख अतिथी मुख्यमन्त्री राउतले संचार क्षेत्रको बिकास र पत्रकारहरुको तमाम समस्य समाधान गर्न सरकार प्रतिबद्ध रहेको बताए । मुख्यमन्त्री राउतले बर्तमान देशको अस्थिर अबस्थामा पत्रकारहरुले थप जिम्मेवारी बढेको भन्दै संघीय सरकारले निमत्याएको जटिल अबस्थालाई सहि दिशामा ल्याउन अझ सशक्त रुपमा पत्रकारहरुलाई भुमिका निर्वाहा गर्न आग्रह गरे । मुख्यमन्त्री राउतले संबिधानको बर्खिलाप गर्दै प्रधानमन्त्री केपि ओलिको सिफारिसमा राष्ट्रपति बिधा भण्डारी प्रतिनिधि सभा विघटन गरेको भन्दै आक्रोश व्यक्त गरे । संबिधानमै नभएको अधिकार प्रयोग गरेर प्रधानमन्त्री ओलिले देशलाई प्रतिगमन तिर लगेको भन्दै ओलि सरकारको तानाशाही संबैधानिक कु विरुद्ध पत्रकारहरुले खबरदारी गर्नुपर्नेमा जोड दिए ।

सामाजिक बिकास मन्त्री नवल किशोर साहले देशमा परिबर्तन ल्याउन पत्रकारको ठूलो योगदान रहेको बताए । भुमी ब्यवस्था कृषि तथा सहकारी मन्त्री शैलेन्द्र साहले देशको बिकास र राजनीति परिवर्तनमा सप्तरीको पत्रकारहरुको भुमिका अबिस्वास्निय रहेको बताए । नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष जितेन्द्र खड्गाको अध्यक्षतामा आयोजित साधारणसभामा राष्ट्रिय सभा सदस्य शेखर सिंह, प्रदेश सभा सदस्य मनिस सुमन सहितका बक्ताहरुले शुभकामना मन्तव्य राखेका थिए ।

## आर्थिक समाचार

# अशोक लेलैण्डको मेघा विन्टर सर्भिस क्याम्प २०२१ सुरु

काठमाडौं । आइएमई ग्रुपअन्तर्गत संचालित आइएमई मोटर्स प्रा. लि. द्वारा प्रवद्धित अशोक लेलैण्डले 'मेघा विन्टर सर्भिस क्याम्प' देशैभरी आफ्ना १३ सर्भिस सेन्टरहरुमा लागू हुनेगरी सुरु गरेको छ । यस योजनाअन्तर्गत ग्राहकहरुलाई केन्द्रित गर्दै पार्टस र लुब्रिकेन्टमा ८% छुट, लेबर चार्जमा ३०% छुटका साथसाथै ४५ पोइन्ट फ्रि चेकअप पनि उपलब्ध हुने कम्पनीले बताएको छ । यस सर्भिस क्याम्पको दौरान ग्राहकवर्गहरुले विभिन्न आकर्षक उपहार साथै ड्राईभरहरुले सुरक्षित ड्राईभिङ्ग सम्बन्धी जानकारी पनि लिन सक्ने छन् । यो सर्भिस क्याम्पको अफरहरु आशेक लेलैण्डका बस, ट्रक, ट्रिपर तथा साना कमर्सिएल भेइकलका कुनै पनि मोडलका गाडीहरुमा लागू हुनेछ । यो क्याम्पीङ्गमा ग्राहकवर्गहरुले अशोक लेलैण्डका नेपालभरि रहेका जुनसुकै सर्भिस सेन्टरमा गएर प्राप्त गर्न सक्ने छन् भने डिस्काउन्ट कुपन पनि प्राप्त गर्न सक्ने छन् । सुरक्षित गाडिका लागि जेन्युअन पार्टस् प्रयोग गरौ भन्ने नारा का साथ सुरु भएको यस योजना माघ ४ गते देखि १५ गते सम्म मात्र लागु हुने छ । आइएमई मोटर्सले ग्राहकवर्गको निम्ति विभिन्न नौलो योजना ल्याउने गरेको छ र साथसाथै यस योजनामार्फत पनि ग्राहकहरुलाई विभिन्न सुविधा प्रदान गर्ने लक्ष्य लिएको छ । देशभर विभिन्न पार्टस तथा सर्भिस आउटलेटबाट ग्राहकहरुमा सेवा प्रदान गर्न सफल मात्र नभइ उक्त गाडीहरुलाई चाहिने सर्भिस र स्पेयर पार्टस् सप्लाई पनि पर्याप्त मात्रामा गर्दै आएको छ ।

# आइएमई पेको नयाँ एप प्रयोगमा

काठमाडौं। आइएमई ग्रुपद्वारा संचालित आइएमई डिजिटल सोलुसन लिमिटेडद्वारा प्रवर्द्धित 'आइएमई पे' एप नयाँ सुविधासहित अध्यावधिक गरिएको छ । यो सुविधासँगै प्रयोगकर्ताहरूले डिजिटल वालेटको प्रयोगमा एउटा छुट्टै एवम् विशिष्ट खालको अनुभव प्राप्त गर्नसक्नेछन् । कम्पनीमा आवद्ध कर्मचारी र विषय विज्ञहरूले वालेटको डिजाइनलाई कसरी आकर्षक र प्रयोगमा सरल, सुरक्षित एवम् भरपर्दो बनाउन सकिन्छ भन्ने विषयमा लामो समयदेखि निरन्तर कार्य गर्दै आइरहेको नतिजा स्वरूप आइएमई पे आजको यो अवस्थामा आइपुग्न सकेको हो । आजबाट प्रयोगयोग्य यस वालेट प्रयोगकर्ताहरूका लागि अझ सहज र सुविधायूक्त हुने विश्वास गरिएको छ । अध्यावधिक एप इन्टरफेस हुनुका साथै थप सेवाग्राहीमैत्री बनाइएको छ । कम्पनीले निम्न विशेषताहरू सहितको आइएमई पे वालेट आम सेवाग्राहीहरूको सहज डिजिटल सेवाका लागि प्रस्तुत गरेको छ ।

विज्ञान र प्रविधिको अभूतपूर्व विकाससँगै आम सेवाग्राहीहरूको सयमानुकूलको मागलाई सम्बोधन गर्नेगरी आइएमई पे एपलाई अहिलेसम्मकै सबैभन्दा राम्रो भर्सनमा डिजाइन गरिएको छ । एपलाई प्रयोगकर्तामैत्री बनाउन युआइसहित थप सेवा सुविधाहरुलाई परिभाषित गरिएको छ । चुस्त कार्यप्रणाली, सेवाक्षेत्रको स्पष्टता र पहुँचमा सुनिश्चितता जस्ता मुख्य मुख्य उद्देश्यहरुलाई एपको नयाँ डिजाइनमा विशेष ध्यान दिइएकोले यो एपको प्रयोग सबै डिजिटल वालेट प्रयोगकर्ताहरूको रोजाईमा पर्ने विश्वास कम्पनीले लिएको छ । डिजिटल पेमेन्ट उद्योगको फस्टाउँदो अवस्थासँगै आम उपभोक्ताहरु पनि यसको प्रयोगमा अभ्यस्त हुँदै आएको सन्दर्भमा कम्पनी डिजिटल पेमेन्ट उद्योगलाई थप प्रवर्द्धन गर्न प्रतिवद्ध रहँदै आएको छ ।

# चलचित्र विकास बोर्डद्वारा प्रदेश २ मा अध्ययन समिति गठन

काठमाडौं । चलचित्र विकास बोर्डले प्रदेश २ मा चलचित्र छायाङ्कनस्थल निमार्णको सम्भाव्यता अध्ययन गर्न सात सदस्यीय समिति गर्न गठन गरेको छ । समितिको संयोजकमा नरेन्द्र महर्जन छन् भने सदस्यहरुमा नन्दु श्रीवास्तव, सुभाष गजुरेल, विजय यादव, छुल्ठीम गुरुङ्ग नाजोराम भगत र निता बिम्ब छन् । नेपाल सरकारको चालु आर्थिक वर्ष २०७७/०७८को बजेट वक्तव्यलाई ध्यानमा राखेर कार्यक्रम कार्यन्वयन गर्न ७ वटै प्रदेशमा उपयुक्त चलचित्र छायाङ्कनस्थालहरुको अध्ययन गरी प्रतिवेदन तयारी गर्ने योजनाअनुरुप उक्त समिति गठन गरिएको हो ।

जसअनुसार प्रदेश २ मा छायाङ्कनस्थलको पहिचान एवं स्थानीय तथा सरोकारवालाहरुसँग समन्वय गरी प्रदेश सरकारको सम्बन्धित निकायको प्रतिनिधित्व रहने गरी समिति गठन भएको बोर्डले जनाएको छ ।

गठित समितिले 'लोकेशन गाइड पुस्तक'लाई आधार मानेर सडक, विजुली, सञ्चारको पहुँचलाई प्राथमिकतामा राखी प्रतिवेदन तयार गर्ने, स्थानीय सरोकारवाला व्यक्तिसँग समन्वय गरी कार्य गर्ने तथा राय सुझाव लिने र प्रदेश २ मा रहेका सार्वजनिक तथा सरकारीस्थललाई मध्यानजर गर्दै सम्भाव्यता चलचित्र छायाङ्कनस्थलको अध्ययन, अनुसन्धान र अवलोकन गरी छनोटका लागि चलचित्र विकास बोर्डमा सिफारीस गर्ने जनाएको छ ।

# रौतहटका सबै वडामा कांग्रेसको विरोध प्रदर्शन



रौतहट । नेपाली काँग्रेसले बिहीबार रौतहटका १५७ वटै वडामा विरोध प्रदर्शन गरेको छ । पार्टीको केन्द्रीय निर्देशनअनुसार रौतहट जिल्लाभरनै सो पार्टीका कार्यकर्ताहरुले प्रदर्शन गरेका हुन् । काँग्रेसका स्थानीय नेता कार्यकर्ताले सदरमुकाम गौर, गरुडा, चन्द्रपुर, कटहरिया, गरुडा, फतुवा विजयपुर, गुजरा, देवाही गोनाही, मौलापुर, बौधिमाईलगायत १८ वटै पालिकाको सबै वडामा प्रदर्शन गरेका हुन् ।

प्रधानमन्त्री ओलीको प्रतिगामी कदमका विरुद्धमा जिल्लाका १५७ वटै वडामा प्रदर्शन गरिएको र संसद पुनर्स्थापना नभएसम्म आन्दोलन जारी रहने काँग्रेस रौतहटका सभापति कृष्णप्रसाद यादवले जानकारी दिए ।






**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **राम** [illegible] **ल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१, Email : madhes[illegible]il.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं